# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## मध्यपुर थिमी नगरपालिका

भक्तपुर




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## मध्यपुर थिमी नगरपालिका

भक्तपुर




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

२०७९

## मध्यपुर थिमी नगरपालिका

भक्तपुर


**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट मूलतः बर्षान्तमा बढी खर्च गरेको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, दरबन्दी अनुसार पदपुर्ती नभएको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको जस्ता व्यहोराहरु देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको जस्ता समस्याहरु रहेका छन् ।

उल्लिखित विषयहरुका अलवा स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको समेत देखिएन । त्यसैले लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन पार्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ चैत्र

**महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, बागमती प्रदेश

पत्र संख्याः २०७९।८०
च.नं. १२१ मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुख ज्यू,
मध्यपुर थिमी नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,
भक्तपुर ।

**कैफियत सहितको राय**

हामीले यस नगरपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू ३ करोड ८ लाख ७३ हजार बेरुजू देखिएको छ। सोमध्ये प्रतिक्रियाबाट रु १ लाख २९ हजार फस्यौंट भई बाँकी बेरुजू असुल गर्नुपर्ने रू. ८ लाख ८९ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. १ करोड २२ लाख ९१ हजार, नियमित गर्नुपर्ने रु २३ लाख २८ हजार र पेश्की रू. ८ हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रु ११ करोड ८४ लाख ४८ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु १४ करोड ८० लाख १६ हजार रहेको छ । नगरपालिकाको **बेरुजू वर्गीकरण, अद्यावधिक बेरुजू स्थिति एवं प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट लगत कट्टा गरिएको व्यहोरा यसैसाथ संलग्न छ ।**

३. पालिकाको लेखापरीक्षणबाट वर्षान्तमा बढी खर्च गरेको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुगमन मुल्याङ्कन कार्य प्रभावकारी नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको

छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।नगर कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(श्यामप्रसाद भण्डारी)
नायब महालेखापरीक्षक

मध्यपुर थिमी नगरपालिका, भक्तपुर

## १. चालु वर्षको बेरुजु २०७८।७९

### १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ५६ | ९५ | ३०८७३ | ० | ३ | १२९ | ५६ | ९२ | ३०७४४ | ८८९ | २३२८ | १२२९१ | ० | ० | १५५०८ | ८ |

### १.२ प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्विकृत विवरण

| क.सं | प्रारम्भिक प्रतिवेदनको दफा नं. | छोटकरी व्यहोरा | रकम रु. |
|---|---|---|---|
| १ | ७९ | पिपिसी सिमेन्टको प्रयोगमा बढी भुक्तानी असुल गरेको। | १२९२५० |

## २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्यौंट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| मध्यपुर ठिमी नगरपालिका, भक्तपुर | ११८४४८ | ० | ११७६ | ११७२७२ | ० | ३०७४४ | १४८०१६ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७८/७९

कार्यालय र स्थान : मध्यपुर थिमी नगरपालिका, भक्तपुर , मध्यपुर थिमी नगरपालिका , भक्तपुर

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | विजयराज सुवेदी | २०७९-४-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | गंगा राम धेके | २०७७-४-१ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ३०,७४३,५६३ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | ३९,८५,४४,५८४.८६ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ४४,६८,३२,१०५.९ | **चालु खर्च** | ४०,६०,४३,१५१.७१ |
| **प्रदेश सरकारबाट अनुदान** | ३,१५,४५,९२२ | **पूँजीगत खर्च** | ५२,४५,४२,०७६ |
| **राजश्व बाँडफाँट** | ५४,२८,०५,२०६.०७ | **वित्तीय/अन्य व्यवस्था** | १९,१९,७७,०८८ |
| **आन्तरिक आय** | ९,१७,११,५१८.७७ | | |
| **अन्य आय** | १९,०१,२१,३०७ | | |
| **कुल आय** | १,३०,३०,१६,०५९.७४ | **कुल खर्च** | १,१२,२५,६२,३१५.७१ |
| **बाँकी मौज्दात** | | ५७,८९,९८,३२८.८९ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br>मध्यपुर थिमि, नेपाल बागमती प्रदेश भक्तपुर जिल्लाको एक नगरपालिका हो । काठमाडौं उपत्यकाको भक्तपुर जिल्लामा रहेका तत्कालिन बोडे, नगदेश, चपाचो, बालकुमारी र लोकन्थली गाउँ विकास समिति मिलाएर वि.सं. २०५३ चैत्र १४ गते यो नगरपालिकाको गठन गरिएको थियो । १७ वटा वडामा विभाजित यो नगरपालिकालाई देशमा सङ्घीय शासन व्यवस्था लागू भएपछि वि.सं. २०७३ फाल्गुन २२ गते नेपाल सरकार मन्त्रिपरिषदको निर्णय र वि.सं. २०७३ फाल्गुन २७ गते नेपाल राजपत्रमा प्रकाशित सूचना बमोजिम यो नगरपालिकालाई ९ वटा वडामा सीमित गरिएको हो । स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वयलाई प्रवद्र्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु नगरपालिकाको उद्देश्य रहेको छ । यस नगरपालिका अन्तर्गत ९ वडा, ४६ सभा सदस्य, ११.४७ वर्ग किलोमिटर क्षेत्रफल तथा राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक नतिजा अनुसार १ लाख १९ हजार ९५५ जनसंख्या रहेको छ | |
| २ | | | **लेखापरीक्षण सीमा**<br>उपरोक्त आर्थिक कारोवारहरुको पेश भएसम्मको स्रेस्ता व्यवस्थापन प्रतिनिधित्व पत्र एंव आन्तरिक लेखापरीक्षण प्रतिवेदन समेत लाई आधार मानी लेखापरीक्षण ऐन २०७५ को लेखापरीक्षणका अन्तराष्ट्रिय मापदण्ड र मार्गदर्शनमा समेत नमूना छनौट गरी लेखापरीक्षण गर्न सकिने व्यवस्था अनुसार र स्वीकृत लेखापरीक्षण योजना बमोजिम नमुना छनौटको आधारमा लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षणको क्रममा देखिएका व्यहोरा सम्वन्धमा कार्यालयका सम्बन्धित पदाधिकारीसँग मिति २०७९।०९।०९ मा छलफल भएको छ ।सारभुत रुपमा उल्लेखनिय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन । छलफलबाट कायम भएका व्यहोराहरु निम्नानुसार छन् । | |
| ३ | | | **लेखापरीक्षणका क्रममा असुल**<br>लेपका क्रममा असुली: लेखापरीक्षणका क्रममा निम्नानुसारको कुल रु.५८८३८१ असुली दाखिला हुन आएको छ ।<br>भौ नं २३७ बाट बढी भुक्तानी भएको २३००, भौ नं ६८६ बाट बहाल कर दाखिला ३९१०, हल भाडा बहाल कर ३४००, पारिश्रमिक कर ३००००, पले स्वापुखुलाई बढी भु रु.१३४००, एक्टिभा स्कुल देखि बाहखा बजारसम्मको बढी भु रु.३२३००, पारिश्रमिक कर रु.५१६४, पारिश्रमिक कर रु.४१६५, अनुगमनबापतको बढी भुक्तानी रु.१३८००, विष्णुबीर परिसरलाई बढी भु रु.५१२९०, विज्ञापन कर रु.२७४७०७ र रु.१५३९४५ गरि कुल विज्ञापन कर रु.४२८६५२ | |
| ४ | | | **स्थानीय संचित कोष**<br>वित्तीय विवरण — स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन ।<br><br>संचित कोषः स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम नगरपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालनमा भएका आयव्यय हिसावको आर्थिक वर्ष २०७८।०७९ को वितिय प्रतिवेदन म.ले.प.फा.न. २७२ निम्न वमोजिम रहेको छ ।<br>**प्राप्ति भुक्तानी हिसाब**<br><table><tr><td>विवरण</td><td>बजेट</td><td>आफैले गरेको प्राप्ति/भुक्तानी</td><td>वस्तुगत/सोझै भुक्तानी</td><td>जम्मा</td></tr><tr><td>प्राप्ती (क+ख)</td><td>१,४३,९८,५४,०२७.०५</td><td>१,१२,५५,७४,९३६.७४</td><td></td><td>१,१२,५५,७४,९३६.७४</td></tr></table> | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | | |

| | | | | |
| --- | --- | --- | --- | --- |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | १,३७,०३,७४,०००.०० | १,१२,५५,७४,९३६.७४ | ० | १,१२,५५,७४,९३६.७४ |
| ११००० कर | ५३,३४,९२,०००.०० | ५४,२८,०५,२०६.०७ | ० | ५४,२८,०५,२०६.०७ |
| १३००० अनुदान | ६५,००,३७,०००.०० | ४९,१२,३४,८४१.९० | ० | ४९,१२,३४,८४१.९० |
| संघीय सरकार | ४९,३६,२६,०००.०० | ४४,६८,३२,१०५.९० | ० | ४४,६८,३२,१०५.९० |
| प्रदेश सरकार | ६,७९,११,०००.०० | ३,१५,४५,९२२.०० | ० | ३,१५,४५,९२२.०० |
| अन्तरिक श्रोत | ७,५०,००,०००.०० | १,२२,५०,०००.०० | ० | १,२२,५०,०००.०० |
| स्थानीय तह | १,००,००,०००.०० | ० | ० | ० |
| जनसहभागिता | ३५,००,०००.०० | ६,०६,८१४.०० | ० | ६,०६,८१४.०० |
| १४००० अन्य राजस्व | १८,५८,४५,०००.०० | ७,९४,६१,५१८.७७ | ० | ७,९४,६१,५१८.७७ |
| १५००० विविध प्राप्ति | १०,००,०००.०० | १,२०,७३,३७०.०० | ० | १,२०,७३,३७०.०० |
| ख. अन्य प्राप्ति | ६,९४,८०,०२७.०५ | | | |
| वितरण गर्न बाकी राजस्व | ० | ० | ० | ० |
| कोषहरु | ६,९४,८०,०२७.०५ | ० | ० | ० |
| धरौटी | ० | ० | ० | ० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | १,८८,९८,५४,०२७.०५ | ९४,५१,२१,१९२.७१ | | ९४,५१,२१,१९२.७१ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | १,८२,०३,७४,०००.०० | ९३,०५,८५,२२७.७१ | | ९३,०५,८५,२२७.७१ |
| २१००० पारिश्रमिक / सुविधा | २५,२५,०४,७३०.०० | २३,८७,०६,९३५.०० | ० | २३,८७,०६,९३५.०० |
| २२००० मालसामान तथा सेवाको उपयोग | २३,६७,०५,७७०.०० | १३,६५,१४,०५६.७१ | ० | १३,६५,१४,०५६.७१ |
| २५००० सहायता (Subsidy) | १०,००,०००.०० | ९,९०,३२०.०० | ० | ९,९०,३२०.०० |
| २६००० अनुदान | ३०,००,०००.०० | ० | ० | ० |
| २७००० सामाजिक सुरक्षा | ४,८०,४२,०००.०० | २,४१,६९,९४४.०० | ० | २,४१,६९,९४४.०० |
| २८००० अन्य खर्च | ७०,३५,५००.०० | ५६,६१,८९६.०० | ० | ५६,६१,८९६.०० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १,२६,९५,८६,०००.०० | ५२,४५,४२,०७६.०० | ० | ५२,४५,४२,०७६.०० |
| ३२००० वित्तीय सम्पत्ति | २५,००,०००.०० | ० | ० | ० |
| घ. अन्य भूक्तानी | ६,९४,८०,०२७.०५ | १,४५,३५,९६५.०० | | १,४५,३५,९६५.०० |
| कोषहरु | ६,९४,८०,०२७.०५ | १,४५,३५,९६५.०० | ० | १,४५,३५,९६५.०० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>धरौटी</td><td>०</td><td>०</td><td>०</td><td>०</td></tr>
<tr><td>संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम</td><td>०</td><td>०</td><td>०</td><td>०</td></tr>
<tr><td>ङ. यो वर्षको बचत (न्युन)</td><td>(४५,००,००,०००.००)</td><td>१८,०४,५३,७४४.०३</td><td></td><td>१८,०४,५३,७४४.०३</td></tr>
<tr><td>च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या)</td><td></td><td>३९,८५,४४,५८४.८६</td><td></td><td>३९,८५,४४,५८४.८६</td></tr>
<tr><td>वर्षान्तको बाकी रकम (ङ + च)</td><td>(४५,००,००,०००.००)</td><td>५७,८९,९८,३२८.८९</td><td></td><td>५७,८९,९८,३२८.८९</td></tr>
<tr><td>बैंक तथा नगद बाकी</td><td></td><td>५७,७६,९१,२७६.८९</td><td></td><td>५७,७६,९१,२७६.८९</td></tr>
</table>
त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।
</td><td></td></tr>
<tr><td>५</td><td></td><td></td><td>
अन्तरसरकारी अख्तियारीतर्फ<br>
यस नगरपालिकाले पेश गरेको मलेप फारम नं २७२ वित्तीय प्रतिवेदनमा समावेश नभएको अन्तरसरकारी अख्तियारीतर्फका खर्च शीर्षकहरुको बैंक नगदी किताब र कोलिनिका, भक्तपुरद्धारा प्रमाणित आ.वि. अनुसार देहायबमोजिम रहेको पाइयो ।
<table>
<tr><th>सि.नं.</th><th>खर्च शिर्षक</th><th>निकासा रकम रु.</th><th>खर्च रकम रु.</th></tr>
<tr><td>१</td><td>सामाजिक सुरक्षा तथा संरक्षण</td><td>१६१८२७३९२.०८</td><td>१६१८२७३९२.०८</td></tr>
<tr><td>२</td><td>पर्यटन प्रबद्धन तथा पूर्वाधार विकास कार्यक्रम पूजीगत</td><td>१०२६८०४</td><td>१०२६८०४</td></tr>
<tr><td>३</td><td>प्रदेश पूर्वाधार विकास कार्यक्रम</td><td>८८८०७९४</td><td>८८८०७९४</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>४</td><td>प्रदेश पूर्वाधार, स्वास्थ्य प्रबद्धन तथा कोभिड पूनःस्थापना साझेदारी कार्यक्रम चालु</td><td>१३९०४७९</td><td>१३९०४७९</td></tr>
<tr><td>५</td><td>प्रदेश पूर्वाधार, स्वास्थ्य प्रबद्धन तथा कोभिड पूनःस्थापना साझेदारी कार्यक्रम पूजीगत</td><td>४३१५६५४</td><td>४३१५६५४</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१७७४४११२३.०८</td><td>१७७४४११२३.०८</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६</td><td></td><td></td><td>जिम्मेवारी फरक परेको —<br>जिम्मेवारी फरक परेको — स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु.३६६८७४७९४.५३ मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु. ३९,८५,४४,५८४.८६ जिम्मेवारी सारेको देखियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.३१६६९७९०.३३ बढी जिम्मेवारी सारेकोमा धरौटी खाताको रु१६४७६०८९.०२, गरिबि निवारण कोषको रु.२१०३७३५.६, वातावरण संरक्षण कोषको रु.२लाख, दैवी प्रकोप व्यवस्थापन कोषको रु.१२लाख,विविध कोष खाताको रु.८९५१९७१ र स्थानीय तह प्रकोप व्यवस्थापन कोषको रु.१९१५८०८.३३ गरी कुल रु.३०८४७६०३ को मात्र जिम्मेवारी सारेको यकिन भएकोमा बाकी रकम रु.८२२१८७.३३ बढी जिम्मेवारी सारेको सम्बन्धमा यकिन हुन सकिएन। बढी जिम्मेवारी सरेको रु.८२२१८७.३३ सम्बन्धमा यकिन गर्नुपर्ने देखिएको रु. ८२२१८७.३३</td><td></td></tr>
<tr><td>७</td><td></td><td></td><td>बजेट पेश, पारित र अख्तियारी -<br>बजेट पेश, पारित र अख्तियारी - स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उप प्रमुख श्री अन्जनादेवी मधिकर्मी ले मिति २०७८।०३।०७ गते रु. १ अर्ब ७७ करोड ३४ लाख ४८ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७८।०३।२६ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७८।४।७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>८</td><td></td><td></td><td>क्षेत्रगत बजेट र खर्च -<br>क्षेत्रगत बजेट र खर्च - स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।<br><br>(रु.हजारमा)
<table>
<tr><td>मुख्य क्षेत्र</td><td>वार्षिक वजेट रु.</td><td>खर्च रकम रु.</td><td>कुल खर्च मध्ये प्रतिशत</td></tr>
<tr><td>आर्थिक विकास</td><td>१०१२४०</td><td>६५०८०</td><td>६.९९%</td></tr>
<tr><td>सामाजिक क्षेत्र</td><td>८२६०५९</td><td>४५८८१२</td><td>४९.३०%</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (तालिका र विवरण तल) | |

| | | | |
|---|---|---|---|
| पूर्वाधार विकास क्षेत्र | ६५१२०५ | २४६६०१ | २६.४९% |
| सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | २४२७८ | ६६८९ | ०.७१% |
| कार्य सञ्चालन तथा प्रशासनिक खर्च | २१७५९२ | १५३४०४ | १६.४८ |
| जम्मा | १८२०३७४ | ९३०५८५ (५१.१२%) | |

उपर्युक्त विवरण अनुसार नगरसभाले विनियोजन गरेको बजेट रु.१८२०३७४ हजार मध्ये रु.९३०५८५ हजार अर्थात कुल विनियोजित बजेटको ५१.१२% मात्र वित्तीय प्रगति भएको देखिन्छ । त्यस्तै गरी नगरसभाले विनियोजित गरेको बजेट रकम खर्च भएको मध्ये सबैभन्दा बढी सामाजिक क्षेत्रमा ४९.३० प्रतिशत, , पूर्वाधार विकास क्षेत्रमा २६.४९ प्रतिशत, कार्य सञ्चालन तथा प्रशासनिक खर्च तर्फ १६.४८ प्रतिशत, आर्थिक विकासमा ६.९९ प्रतिशत र, सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र तर्फ ०.६१ प्रतिशत मात्र खर्च रहेको देखियो । पालिकाले नगरसभाको विनियोजित बजेट बमोजिम वित्तिय प्रगति वृद्धि तर्फ समेत ध्यान दिनुपर्ने देखिन्छ ।

९

**त्रैमासिक पूँजीगत खर्च -**

त्रैमासिक पूँजीगत खर्च - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा अनुसुची २ बमोजिम त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| सि.नं. | पूँजीगत खर्च शीर्षक | कुल खर्च | त्रैमासिक खर्च (रु.हजारमा) | | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथो त्रैमासिक | |
| १ | मध्यपूर नपा पूजीगत | ५१३४२७ | २४१२४ | ५२०१४ | १८१३१३ | २५५९७७ | १७१००१ |
| २ | संघीय सरकार बाट हस्तान्तरित कार्यक्रम पूजीगत | ३०५२ | ० | १९८ | १०५५ | १७९९ | १७९९ |
| ३ | प्रदेश सरकार बाट हस्तान्तरित कार्यक्रम पूजीगत | ४९५७ | ० | ३९५ | ५७८ | ३९८४ | ३३८७ |
| ४ | प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम(समपुरक अनुदान) पूजीगत | ३१०३ | ० | ० | ६०० | २५०३ | ११९० |
| | कूल खर्चः | ५२४५४२ | २४१२४ | ५२६०७ | १८३५४६ | २६४२६३ | १७७३७७ |
| | खर्च प्रतिशत | १००.००% | ४.६०% | १०.००% | ३४.९९% | ५०.४०% | ३३.८१% |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१०</td><td></td><td></td><td>खर्च बिश्लेषण —<br>खर्च बिश्लेषण — कोलेनिकाद्धारा प्रमाणित आर्थिक विवरण अनुसार पालिकाले यसबर्ष कुल आन्तरिक आयबाट ४९८९४७१७०.७४ राजस्व बाँडफाँडबाट रु.१२३३१९५५४.१ र अनुदानबाट संघीय तर्फ रु. ४४६८३२१०५.९ र प्रदेशतर्फ रु.३१५४५९२२, आन्तरिक स्रोतबाट रु.१२२५००००, जनसहभागितातर्फ रु.६०६८१४ र विविध प्राप्ति तर्फ रु.१२०७३३७० समेत रु.११२५५७४९३६.७४ आम्दानी भएकोमा चालुखर्चतर्फ रु.४०६०४३१५१.७१ र पूँजिगत तर्फ रु.५२४५४२०७६ र अन्य भुक्तानी (कोषहरु) तर्फ रु.१४५३५९६५ गरी कुल रु.९४५१२११९२.७१ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ५२.७९ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु.९६४९०८६.३३ खर्च भएको छ जुन आन्तरिक आयको १.९३ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ४२.९६ प्रतिशत चालु र ५५.४९ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ ।</td><td></td></tr>
<tr><td>११</td><td></td><td></td><td>योजना र कार्यान्वयन<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहायअनुसार छन्:
<table>
<tr><th>क्र. सं.</th><th>विवरण</th><th>योजना संख्या</th><th>रकम रु. हजारमा</th></tr>
<tr><td>१</td><td>रु. पाँच लाख सम्मका योजना</td><td>३५</td><td>७२६२२३६.६३</td></tr>
<tr><td>२</td><td>रु ५ लाख देखि १० लाख सम्मका योजना</td><td>४२</td><td>३२,४१५,६६१.७३</td></tr>
<tr><td>३</td><td>१० लाख एक देखि २० लाख सम्मका योजना</td><td>५८</td><td>८३,२४५,८०७</td></tr>
<tr><td>४</td><td>२० लाख एक देखि ३० लाख सम्मका योजना</td><td>३०</td><td>७३,५१८,९०५.१</td></tr>
<tr><td>५</td><td>३० लाख एक देखि ५० लाख सम्मका योजना</td><td>३९</td><td>१५१,८०२,०९८.१३</td></tr>
<tr><td>६</td><td>५० लाख भन्दा माथीका</td><td>३४</td><td>२३९,३१४,९८५</td></tr>
<tr><td></td><td>जम्मा</td><td>२३८</td><td>५८७,५५९,६९३.६०</td></tr>
</table></td><td></td></tr>
<tr><td>१२</td><td></td><td></td><td>कार्यक्रमगत प्रगतिः<br>नगरपालिकाले वार्षिक योजना तथा बजेटमा प्रस्ताव गरि तोकिएको लक्ष्य पुरा गर्न अधिकतम पहल गर्नुपर्दछ । कार्यालयले यस वर्ष देहायका विभिन्न कार्यक्रममा बजेट व्यवस्था गरेकोमा ती योजनाहरुमा न्यून प्रगति पेश गरेको छ । पुरा गर्न सक्ने योजनाहरु छनोट गरि कार्यान्वयनमा लैजानुपर्दछ । पूजीगत तर्फ न्यून प्रगति भएका केही उदाहरणहरु निम्नानुसार छन । (रु.हजारमा)
<table>
<tr><th>कार्यक्रम/आयोजना/कियाकलाप</th><th>विनियोजन</th><th>खर्च</th><th>खर्च प्रतिशत</th></tr>
<tr><td>९ नं. वडा कार्यालय भवन निर्माण</td><td>७४,००</td><td>०</td><td>०</td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|
| | | | ७ नं. वडा कार्यालय भवन निर्माण (क्रमागत) | ६५,१० | ० | ० | |
| | | | शहरी स्वास्थ्य क्लिनिक, जातिगाल | ६०,०० | ० | ० | |
| | | | स्व. चन्द्रकृष्ण सामूदायिक भवन | १,५०,०० | ० | ० | |
| | | | ६ नं. वडा कार्यालय भवन निर्माण | १,४०,०० | ० | ० | |
| | | | सामूदायिक भवन, लोहकिल्थली | ५०,०० | ० | ० | |
| | | | जग्गा एकीकरण आयोजना संचालन | ५०,०० | ० | ० | |
| | | | पर्सिको देखि बप्पा सडक | २५,०० | ० | ० | |
| | | | कालाडोल ढल | १०००० | ० | ० | |
| | | | सानोठिमी फुटबल ग्राउण्ड | १,७५,०० | ० | ० | |
| | | | लुखाफ्ल्चा कभड हल | ५०,०० | ० | ० | |
| | | | महालक्ष्मी परिसर चोडे | ५०,०० | ० | ० | |
| | | | करुणामय् लोकेश्वर, मरुटोल | ५०,s०० | ० | ० | |
| | | | भुलाख्य:परिसर | ५०,०० | ० | ० | |
| | | | सिंटीटार प्लानिङ्ग हस्तान्तरण पश्चात पुर्वाधार बिकास | ५०,०० | ० | ० | |
| | | | नगदेश संग्रहालय | ५०,०० | ० | ० | |
| | | | लोकन्थली मनोहरा देपः परिसर | ५०,०० | ० | ० | |
| | | | न.पा. भवन,वडा भवन ,स्वास्थ्य चौकि अस्पताल क्रमागत तथा नयाँ भवन निर्माण | ४,९७,३० | ९,०९ | १.८३ | |
| | | | नेपाल कोरिया मैत्री नगरपालिका अस्पताल MRI ,CATH LAB@ BLOOD BANK | १४,००,०० | ७,६० | ०.५४ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | |
|---|---|---|---|
| सडक स्तरोन्नति र पूर्वाधार विकास वडा न.२ | २,००,०० | २४,८७, | १२.४४ |
| सडक पूर्वाधार तथा ढुंगा छपाई | १,२५,०० | १५,४९ | १२.३९ |
| सडक स्तरोन्नति र पूर्वाधार विकास वडा न.३ | ३,५०,०० | ५३,८८ | १५.३९ |
| सडक स्तरोन्नति र पूर्वाधार विकास वडा न.१ | २,५०,०० | २५,९७ | १०.३९ |
| गाखुराधे राधे ढल | ७५,०० | ३,६४ | ४.८५ |
| नीलबाराही परिसर | ७५,०० | ४,५४ | ६.०६ |
| वडा नं.५को भवन निर्माण | ३३,६० | ७,८२ | २३.२७ |
| बोडे मातृशिशु क्लिनिक | १०,०० | १,६९ | १६.८८ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १३ | | | **आन्तरिक नियन्त्रण प्रणालीः**<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।<br>• पालिकाले एक आर्थिक वर्षको अन्त्य भित्र भएको आफ्नो आर्थिक कारोवारको अनुसुची १४ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन । • पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिमके मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।<br>• वडा कार्यालयमा रहेका जिन्सी समान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।<br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>• मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस नगरेको ।<br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।<br>• कुनै रकम रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा से अनुसार गरेको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय—व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>• वातावरणको संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको<br>• पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहाका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको अभाव रहेको पाईयो । • निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>• निजामती सेवा ऐन २०४९ को दफा ७ ख २ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले आ.ले.प.बाट तलवी प्रतिवेदन पारित गरि खर्च लेखेको पाईयो ।<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| १४ | | | **सेवा प्रवाह**<br>सेवा प्रवाह लेखापरिक्षणलाई प्राप्त विवरण अनुसार आ.ब. ०७८।७९ मा पालिकाबाट निम्नानुसारको सेवा प्रवाह गरेको देखिन्छ ।<br>क्र.स. \| विवरण \| सिफारिस संख्या<br>१ \| नागरिकता सिफारिस \| २०१८<br>२ \| घरबाटो सिफारिस \| २३४२<br>३ \| नाता प्रमाणित \| ७३९<br>४ \| जन्म, मृत्यु दर्ता \| २१२७ | |
| १५ | | | **संगठन तथा कर्मचारी व्यवस्थापन**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित २५४ जना दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित २१४ जना पदपूर्ती भएको देखिन्छ । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । | |
| १६ | | | **कर्मचारी करार —**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न १६ पदमा १०७ जना कर्मचारीहरु करारमा राखि रु.१९५११७० खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न ११ पदमा ३९ जना करार नियुक्ति गरी भुक्तानी गरिएको देखिएको छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १७ | | | **स्वकीय सचिव तथा सल्लाहकार**<br>बागमती प्रदेश अन्तर्गत स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५(पहिलो संशोधन समेत) मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले स्वकीय सचिव।सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन् । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकीएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्न नहुने उल्लेख छ । तर पालिकाले नगर प्रमुखको स्वकीय सचिवको रुपमा सहायक स्तर पाचौ तह बराबरको तलब भत्ता भुक्तानी हुने गरी श्री रोमन बज्राचार्यलाई नियुक्त गरी मासिक रु.३०२०० का दरले वार्षिक रु.३९२६०० र उप प्रमुखको स्वकीय सचिवका रुपमा सहायक स्तर चौथो तह बराबरको तलब भत्ता भुक्तानी हुने गरी श्री सृजना श्रेष्ठ लाई नियुक्त गरी मासिक रु.२८५७० का दरले रु.३७१४१० गरी कुल रु.७६४०१० भुक्तानी भएको नियमसम्मत नदेखिएको | ७६४,०१० |
| १८ | | | **कल्याण कोष**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष आन्तरिक स्रोतबाट कर्मचारी कल्याण कोषमा रु.६५लाख ट्रान्सफर गरेको छ । तर उक्त कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन । यसरी कानूनको व्यवस्था नगरी पालिका अनुदानबाट सोभैm कर्मचारी कल्याण कोषमा रकम ट्रान्सफर उचित नदेखिएकोले यसमा सुधार गर्नु पर्दछ । | |
| १९ | | | **कानून र सञ्चालन स्थिति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ५ वटा ऐन, ३ वटा नियमावली, १४ वटा कार्यविधि र १ कार्यविधि लगायत २३ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएकोछ । साथै पालिकाले कानूनहरु निर्माण गरी कार्यपालिकाबाट स्वीकृत गरेतापनि उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरेको छैन् । तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वियनमा ल्याउनु पर्दछ । | |
| २० | | | **न्यायीक समिति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार यो बर्ष २० वटा विवाद दर्ता भएकोमा ७ वटा मात्र फछ्र्यौट भई १३ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| २१ | | | **आन्तरिक लेखापरीक्षण**<br>स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर पालिकाले यस वर्षको आर्थिक कारोबारको चौमासिक रुपमा नगराई वर्षको अन्त्यमा आन्तरिक लेखापरीक्षण गराएको छ । तसर्थ कानुनमा तोकिए बमोजिम चौमासिक रुपमा आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ । | |
| २२ | | | **विविध खर्च**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष विविधतर्फ मात्र रु.४९०२९१२ खर्च गरेको छ । यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ । | |
| २३ | | | **आर्थिक सहायता**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष कार्यक्रम | |

<table>
<tr><th>क्रम</th><th>भौचरनम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>खर्च (अन्य कार्यक्रममा ) रु.३९९९७३३ आर्थिक सहायता वितरण गरेका छन् । आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>२४</td><td></td><td></td><td>धार्मिक तथा सास्कृतिक संस्था सहायता<br>स्थानीय सरकार संचालन ऐन, २०७४ ले संस्था, समूह, पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिन सक्ने कानूनी व्यवस्था गरेको देखिदैन । तर पालिकाले यस वर्ष धार्मिक, सामाजिक, साँस्कृतिक प्रकृतिका कार्यमा रु.९९०३२० खर्च गरेका छन । यस्तो खर्चमा नियन्त्रण गर्दैजानु पर्दछ ।
<table>
<tr><td>गो. भौ . नं।मिति</td><td>कार्यक्रम</td><td>विवरण</td></tr>
<tr><td>२२२।०७८।८।९</td><td>धार्मिक तथा सांस्कृतिक संस्था सहायता</td><td>दथुटोल नित्यनाथ भजन खल लाई सामान खरिद गरेबाफ्त बिल अनुसार</td></tr>
<tr><td>४०१।०७८।१०।१६</td><td>धार्मिक तथा सांस्कृतिक संस्था सहायता</td><td>दबुली नेपाल लाइ बिल अनुसारको रकम भुक्तानी</td></tr>
<tr><td>८८७।०७९।३।१६</td><td>धार्मिक तथा सांस्कृतिक संस्था सहायता</td><td>जात्रा पर्व को लागि धन कृष्ण श्रेष्ठ लाइ पेश्की लगि फर्छ्यौट</td></tr>
</table></td><td></td></tr>
<tr><td>२५</td><td></td><td></td><td>पेश्की बाकी<br>पालिकाले पेश गरेको वित्तिय प्रतिवेदन मलेप फा नं. २७२ को अनुसुचि २३ र सो को अभिलेख अनुसार पालिकाको कुल हालसम्मको पेश्की बाँकी रु. ६८७६८९०३ देखिएको छ । उक्त बाँकी पेश्की मध्ये म्याद ननाघेको पेश्की रु. ५४२२०९०३ र म्याद नाघेको पेश्की १४५४८००० देखिन्छ । मिति २०७७।१०।१९ बाट लागु भएको अर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ वमोजिम म्याद ननाघेको चालु आ.ब. देहाय बमोजिमको फछ्यौट हुन बाँकी पेश्की रु. १४५४८००० देखिन्छ । पालिकाको म्याद नाघेको तथा म्याद ननाघेको पेश्कीको विवरण निम्नानुसार रहेको छ ।
<table>
<tr><td>सि.नं.</td><td>पेश्की लिएको मिति</td><td>गो. भौ. न.</td><td>पेश्कीको विवरण</td><td>पेश्की लिने व्यक्ती, फर्म वा कम्पनीको नाम</td><td>रकम</td><td>कैफियत</td></tr>
<tr><td colspan="7">म्याद नाघेको पेश्की</td></tr>
<tr><td>क</td><td>कर्मचारी</td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>१</td><td>०४/०१/२०७८</td><td>1</td><td>औषधीउपचार खर्च</td><td>गुण केशरी श्रेष्ठ</td><td>५०,०००.००</td><td>म्याद नाघेको</td></tr>
</table></td><td>१४,५४८,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (see nested table below) | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | ०४/०१/२०७८ | १ | नगर सभाका सदस्यहरुको क्षमता विकास कार्यक्रम | मनोज शर्मा | २,५०,०००.०० | म्याद नाघेको |
| जम्मा | | | | | ३,००,०००.०० | |
| ख | संस्थागत | | | | | |
| १ | ०४/०१/२०७८ | १ | ३ नं वडा कार्यालय भवन निर्माण | नेपाल बिधुत प्राधिकरण | १,१०,०००.०० | म्याद नाघेको |
| २ | ०४/०१/२०७८ | १ | कालोपत्रे सडक निर्माण | नेपाल बिधुत प्राधिकरण | १७,००,०००.०० | म्याद नाघेको |
| ३ | ०४/०१/२०७८ | १ | बिधुत लाइन under graound | नेपाल बिधुत प्राधिकरण | ५०,००,०००.०० | म्याद नाघेको |
| ४ | ०४/०१/२०७८ | १ | बिधुत लाइन अन्डर ग्राउन्ड गर्ने उ.स.को | नेपाल बिधुत प्राधिकरण | ५०,००,०००.०० | म्याद नाघेको |
| ५ | ०४/०१/२०७८ | १ | सडक बत्ति सुधार | नेपाल बिधुत प्राधिकरण | २,७५,०००.०० | म्याद नाघेको |
| ६ | ०४/०१/२०७८ | १ | सडक लाईन मर्मत | नेपाल बिधुत प्राधिकरण | ४,५०,०००.०० | म्याद नाघेको |
| ७ | ०४/०१/२०७८ | १ | खेलकुद कार्यक्रम तथा सामाग्री वितरण | योङ्ग पिकासो | २३,०००.०० | म्याद नाघेको |
| जम्मा | | | | | १,२५,५८,०००.०० | |
| ग | उपभोक्ता समिति | | | | | |
| १ | ०४/०१/२०७८ | १ | गठाघर चोक देखि कौशलटार चोक सम्म सडक सुधार | कौशलटार देखि गट्टाघर चोक सम्म सडक सुधार कार्य उ.स. | ७,५०,०००.०० | म्याद नाघेको |
| २ | ०४/०१/२०७८ | १ | भौतिक पुर्वाधार विकास | रामेश्वर मन्दिर निर्माण उ.स | २,५०,०००.०० | म्याद नाघेको |
| ३ | ११/२२/२०७८ | २३३ | बहानानी पाटी पुनःनिर्माण | बाहाननी पाटि पुन निर्माण उ.स | ४,९०,०००.०० | म्याद नाघेको |
| जम्मा | | | | | १४,९०,०००.०० | |
| घ | व्यक्तिगत | | | | | |
| १ | ०४/०१/२०७८ | १ | पूँजीगत अनुसन्धान तथा परामर्श आयोजना व्यवस्थापन | ओम कुमार श्रेष्ठ | २,००,०००.०० | म्याद नाघेको |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | जम्मा | २००००० | |
| | | | कुल म्याद नाघेको पेश्की | | १४५४८००० | |
| | म्याद ननाघेको पेश्की | | | | | |
| क | ठेकेदार | | | | | |
| १ | ०९/२१/२०७८ | १२४ | सडक स्तरोन्नति र पूर्वाधार विकास वडा न.२ | मिलन एण्ड थापा कन्सट्रक्सन | ६,००,०००.०० | म्याद ननाघेको |
| २ | ०९/२८/२०७८ | १३६ | सडक स्तरोन्नति र पूर्वाधार विकास वडा न.१ | धुरव कन्स्ट्रक्सन | ५,७३,९०३.०० | म्याद ननाघेको |
| ३ | १०/०२/२०७८ | १४४ | हरियाली मार्ग हुँदै अरनिको सहकारी जाने बाटो, गठाघर स्तरउन्नति | राज एण्ड एन कन्स्ट्रक्सन | २,३८,०००.०० | म्याद ननाघेको |
| ४ | १०/०२/२०७८ | १४६ | राधे राधे फलामे पुल | तारा निर्माण सेवा | ३,१६,०००.०० | म्याद ननाघेको |
| ५ | ११/०१/२०७८ | २०६ | राधे राधे फलामे पुल | तारा निर्माण सेवा | ३,१६,०००.०० | म्याद ननाघेको |
| ६ | ११/११/२०७८ | २२२ | हरियाली मार्ग हुँदै अरनिको सहकारी जाने बाटो, गठाघर स्तरउन्नति | राज एण्ड एन कन्स्ट्रक्सन | २,३८,०००.०० | म्याद ननाघेको |
| ७ | ११/२३/२०७८ | २३४ | सडक स्तरोन्नति र पूर्वाधार विकास वडा न.३ | इम्मानुएल कन्स्ट्रकसन कम्पनी प्रा.लि. | ५,५०,०००.०० | म्याद ननाघेको |
| ८ | १२/११/२०७८ | २६६ | सडक स्तरोन्नति र पूर्वाधार विकास वडा न.१ | धुरव कन्स्ट्रक्सन | २,००,०००.०० | म्याद ननाघेको |
| ९ | १२/२५/२०७८ | ३०८ | सडक स्तरोन्नति र पूर्वाधार विकास वडा न.१ | आर. आर. कन्स्ट्रक्सन | ६,५०,०००.०० | म्याद ननाघेको |
| १० | १२/२५/२०७८ | ३०८ | सडक पूर्वाधार तथा ढुंगा छपाई | आर. आर. कन्स्ट्रक्सन | ३,६०,०००.०० | म्याद |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | ननाघेको |
| ११ | १२/२८/२०७८ | ३१७ | सडक स्तरोन्नति र पूर्वाधार विकास वडा न.३ | आर. आर. कन्स्ट्रक्सन | ६,००,०००.०० | म्याद ननाघेको |
| १२ | ०२/१९/२०७९ | ४१२ | सडक स्तरोन्नति र पूर्वाधार विकास वडा न.३ | जंग निर्माण सेवा प्रा.लि. | ५,७९,०००.०० | म्याद ननाघेको |
| जम्मा | | | | | ५२,२०,९०३.०० | ० |
| ख | प्रतीत पत्र | | | | | |
| १ | ११/२७/२०७८ | २४६ | सिटीस्क्यान मेसिन खरिद क्रमागत | नेपाल बैंक लि. | ४,९०,००,०००.०० | म्याद ननाघेको |
| जम्मा | | | | | ४,९०,००,०००.०० | ० |
| कुल म्याद ननाघेको पेश्की | | | | | ५४२२०९०३ | |
| कुल पेश्की जम्मा | | | | | ६८७६८९०३ | |

२६

**निशुल्क लोगो:**

पालिकाले खरिद गरेका औषधिहरूमा "नेपाल सरकारको नि:शुल्क स्वास्थ्य कार्यक्रमका लागी" भन्ने लोगो लगाउनु पर्ने व्यवस्था छ । पालिकाले खरिद गरेका र हस्तान्तरण भई आएका नि:शुल्क वितरण गर्ने औषधिहरू मध्ये नमूना छनौट गरी परिक्षण गर्दा देहाय बमोजिमका केही औषधिहरूमा "नेपाल सरकारको नि:शुल्क स्वास्थ्य कार्यक्रमका लागी" भन्ने लोगो लगाइएको नदेखिएकोले निशुल्क लोगो लगाउनेतर्फ जोड दिनुपर्दछ ।

| सि. नं . | औषधी | म्याद रहेको अवधि | कैफियत |
|---|---|---|---|
| १ | PARACETAMOL | २०२३ June | Ins. Supply |
| २ | Vitamin A Capsule | २०२३ Apr. | Free distribution |
| ३ | Rantidine-१५० | २०२४ March | Free distribution |
| ४ | Metronid-४०० | २०२४ March | Ins. Supply |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | | |
|---|---|---|---|
| ५ | Supromox-२५० dt | २०२३ Nov. | Ins. Supply |
| ६ | Thyrolar-२५ | २०२४ March | Rs.३० per strip |
| ७ | Naproxin ५००mg | २०२४ Nov. | Rs.६८.९५ for १५ tab |
| ८ | Antif १०० mg | २०२३ Aug. | Rs.५० per strip |
| ९ | Fungicole-१५० | २०२३ Sep. | Rs.४८ per strip |
| १० | Polxin-NZ | २०२३ Dec | Rs.७० |

२७

**कार्यस्वीकार प्रतिवेदन**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७(४) मा निर्माण गरिएको संरचना उद्धेश्य अनुरुप संचालन गर्न उपयुक्त छ भन्ने कुरा संरचनाको उपयुक्तताको परीक्षण गरि प्रमाणित नभएसम्म त्यस्तो कुनै पनि कार्यस्वीकार गर्नुहुदैन भन्ने व्यवस्था छ । पालिकाले निम्नानुसारका योजनाहरुमा सम्झौता रकम भन्दा २२.३२% देखि ८८.९५% सम्मले घटीको कार्य भएकोमा समेत कार्यस्वीकार प्रतिवेदन जारी गरेको देखियो । साथै उक्त योजनाहरुमा उपभोक्ता समितिले प्राविधिक रुपले जटिल कार्यहरु बाकी राखेर निर्माणका दृष्टिले सजिलो मानिने कार्यहरु जस्तै माटो खन्ने, निर्माण सामाग्री खरिद गर्ने, ढुंगा छाप्ने लगायतका कार्यहरु गरेकोमा पालिकाले कार्यस्वीकार प्रतिवेदन जारी गरेको देखियो । पालिकाले सार्वजनिक खरिद नियमावलीमा व्यवस्था भएबमोजिम सम्झौतामा उल्लेख भएबमोजिम शत प्रतिशत निमार्ण कार्य सम्पन्न गर्ने तर्फ जोड दिनुपर्दछ ।

| गो.भौ.नं।मिति | योजना/उ.स. | लागत अनुमान | कार्यस्वीकार | फरक | कैफियत |
|---|---|---|---|---|---|
| ११।०७९।३।२२ | ओम शान्ती सामुदायिक भवन निर्माण/उ.स. | १२४०४७८ | २८०३४७.९३ | ९६०१३० | ७७.४ % ले घटी |
| १३।०७९।३।२५ | नारायण विलाश जोशी स्मृती प्रतिष्ठान भवन नि./उ.स. | ७३३११६९ | ३३८१४८१ | ३९४९६८८ | ५३.८७ ले घटी |
| ६१३।०७९।३।२८ | भिमसेन द्रौपती शिव मन्दिर पू.नि. | २९९८७१५ | ६४६७९८ | २३५१९१७ | ७८.४३ ले घटी |
| | | | ४३५।०७९।३।६ | हाडीगल टोल र सहयोगी मार्ग दक्षिणतर्फ बाटो सुधार | अधिकारी एडं अधिकारी सप्लायर्स ६१३७८५५८९ | २१।०७८।१२।२४ | ४५८९४ | ५२६९ | Non-filer since २०७७/M/८ | |
| | | | ४३५।०७९।३।६ | हाडीगल टोल र सहयोगी मार्ग दक्षिणतर्फ बाटो सुधार | अधिकारी एडं अधिकारी सप्लायर्स ६१३७८५५८९ | ३०।०७९।१।२ | ३६००० | ४१४२ | Non-filer since २०७७/M/८ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४३५।०७९।३।६ | हाडीगल टोल र सहयोगी मार्ग दक्षिणतर्फ बाटो सुधार | अधिकारी एडं अधिकारी सप्लायर्स ६१३७८५५८९ | ३१।०७९।१।३ | १२००४९ | १३८९१ | Non-filer since २०७७/M/८ |
| | | | जम्मा | १००५१५१४ | १३०६७६७ | |

**६५** — **बढी भुक्तानी** — बेरुजु रकम: ६७,८००

पी.पी.सी. सिमेन्टः सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १० मा स्वीकृत नर्म्स अनुसार लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । साथै उपभोक्ता समितिसंग भएको सम्झौतामा समेत कार्यालयले तोके भन्दा फरक गुणस्तरमा कार्य गरेमा कार्यालयबाट भुक्तानी नहुने उल्लेख छ। पालिकाले देहायका योजनाहरुमा उपभोक्ता समितिसंग ओ.पि.सी. सिमेन्ट प्रयोग गर्ने गरि लागत अनुमान स्वीकृत गरी उपभोक्ता समितिसंग सम्झौता गरेकोमा उपभोक्ता समितिले पि.पि.सी. सिमेन्ट खरिद गरि प्रयोग गरेको मू.अ.कर बिजक समावेश गरेकोमा समेत कार्यालयले लागत अनुमानकै दरमा भुक्तानी गरेको छ । जिल्ला दररेट अनुसार ओ.पि.सी. सिमेन्टको दर प्रति बोरा रु.८५० र पि.पि.सी. सिमेन्टको दर प्रति बोरा रु.७५० (मू.अ.कर बाहेक) रहेको छ । जसबाट एकातर्फ तोकिएको गुणस्तर बमोजिमको कार्य भएको छैन भने अर्को तर्फ प्रति बोरा रु.११३ (मू.अ.कर समेत)का दरले बढी भुक्तानी भएको छ । उपभोक्ता समितिले सिमेन्ट प्रयोग गरि निर्माण गरेका केही योजनाहरुको नमुना छनौट गरि परीक्षण गर्दा देहायका योजनामा तोकिएभन्दा फरक गुणस्तरको सिमेन्ट प्रयोग भएको अवस्थामा समेत लागत अनुमानकै दरमा भुक्तानी भएकोले बढी भुक्तानी भएको देखिएकोले बढी भुक्तानी रकम असुल हुनुपर्ने देखिएको रु

| गो.भौ.नं।मिति | योजना/उ.स. | कार्य | कार्य परिमाण | भुक्तानी दर रु | पि.पी.सी. सिमेन्ट खरिद | बढी भुक्तानी दर रु. | कुल बढी भुक्तानी रु. |
|---|---|---|---|---|---|---|---|
| ५०८।०७९।३।२३ | कुर्तिङ संजीवनी पार्क | Stone Masonry work १:४ | २६३.५५ घ.मि. | ११३९१.५२ | ३०० ब्याग | ११३ | ३३९०० |
| ५५६।०७९।३।२४ | सिद्धकाली परिसर उ.स. | Stone Masonry work १:४ | १०२.३ घ.मि. | ११३९१.५२ | ३०० ब्याग | ११३ | ३३९०० |
| | | | | | | जम्मा | ६७८०० |

**६६** — **जटील कार्य उ.स. मार्फतः**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन औजार उपकरणहरुको आवश्यक नपर्ने श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले भलिबल कोट निर्माण, आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन निर्माण, सडक बत्ती जडान लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । जसका केही उदाहरणहरु निम्नानुसार रहेका छन् । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ ।

| गो.भौ.नं।मिति | योजना | उ.स. | लागत अनुमान | कार्यसम्पन्न |
|---|---|---|---|---|
| ५९१।०७९।३।२५ | जेष्ठ नागरिक भवन निर्माण, सिद्धकाली | जेष्ठ नागरिक भवन निर्माण उ.स. | ७८७६५३१ | ६८२१४५५ |
| ५२६।०७९।३।२४ | सडक बत्ती जडान कार्य | सडक बत्ती जडान कार्य उ.स. | ३०६४२५ | ३०२९३३ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>५३०।०७९।३।२४</td><td>दामोदर नारायण सा.भ.नि.</td><td>दामोदर नारायण सा.भ.नि. उ.स.</td><td>१२४५७२६</td><td>८०७६६१</td></tr>
<tr><td>५०९।०७९।३।२३</td><td>बालबालिका तथा जेष्ठ नागरिक पार्क नि.</td><td>बालबालिका तथा जेष्ठ नागरिक पार्क नि. उ.स.</td><td>५६२५६३५</td><td>५०५९५१०</td></tr>
<tr><td>५१०।०७९।३।२३</td><td>वोडे मा.वि. भलिबल कोट निर्माण</td><td>वोडे मा.वि. भलिबल कोट निर्माण उ.स.</td><td>५७८७४९</td><td>३१२९०२</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६७</td><td></td><td></td><td>नम्सभन्दा बढी भुक्तानीः<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक निकायले स्वीकृत नम्सको आधारमा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। भवन निर्माण कार्यको दररेट विश्लेषण सम्बन्धी नम्स अनुसार आर.सी.सी.को फलाम डण्डी कार्यका लागि एम.एस. डण्डीमा ५% Wastage समावेश गरि नम्स तयार गरेकोमा पालिकाले गो.भौ.नं।मिति ५९१।०७९।३।२५ मा जेष्ठ नागरिक भवन निर्माण, सिद्धकाली योजनामा जेष्ठ नागरिक भवन निर्माण, सिद्धकाली उ.स.लाई आर.सी.सी.को फलाम डण्डी कार्यमा नम्समा रडमा ५% wastage रहेकोमा थप ३% wastage थप गरी कुल ८% Wastage भुक्तानी भएको देखियो । पालिकाले उक्त योजनामा ५% wastage सहित १०८८०.९ केजी प्रयोग भएकोमा थप ३% wastage को रुपमा थप ३२६.४३ के.जी. सहित ११२०७.३३ के.जी.को भुक्तानी भएकोले बढी भुक्तानी भएको थप ३२६.४३ के.जी.को प्रति के.जी. रु.११६.४ का दरले रु.३७९९६ असुल हुनुपर्ने</td><td>३७,९९६</td></tr>
<tr><td>६८</td><td></td><td></td><td>सीमा भन्दा बढीको काम उपभोक्ता समितिवाट गराएको :<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम १(क) मा रु. १ करोडसम्मको लागत अनुमान भएको निर्माण कार्य उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन सक्ने व्यवस्था छ । नियम ९७ को उपनियम १(क) मा उल्लेखित एक करोड रुपैयासम्मको लागत अनुमानमा मूल्य अभिवृद्धि कर, ओभरहेड, कन्टेन्जेन्सी रकम र जनसहभागिताको अंश समेतको रकम समावेश हुने उल्लेख छ ।यस सम्वन्धमा सार्वजनिक खरिद अनुगमन कार्यालयले समेत लागत अनुमानमा एकरुपता कायम गर्न लागत अनुमान भित्र मूल्य अभिबृद्धि कर, ओभरहेड, कन्टेन्जेन्सी रकम रअन्य खर्च समेत समावेश गर्नुपर्ने भनि पत्र संख्या २०७४।७५ च.नं. ८०७ को पत्रवाट थप स्पस्ट पारेको छ । पालिकाले यस वर्ष निम्नानुसारका कार्यहरुको लागत अनुमान बनाउदा मूल्य अभिबृद्धि कर, ओभरहेड र कन्टेन्जेन्सी रकम समावेश नगरी एक करोड भन्दा घटीको लागत अनुमान तयार गरी उपभोक्ता समिति संग सम्झौता गरी कार्य सम्पन्न गराएको देखिन्छ । पालिकाले लागत अनुमान बनाउदा मूल्य अभिवृद्धि कर, ओभरहेड र कन्टेन्जेन्सीको रकम समावेश नगरी निम्नानुसार कार्यको लागत अनुमान एक करोड भन्दा घटी बनाएको तर उक्त मूल्य अभिवृद्धि कर, ओभरहेड र कन्टेन्जेन्सीको रकम समावेश गर्दा उक्त कार्यको लागत अनुमान एक करोड भन्दा बढी हुने देखिन्छ । पालिकाले खरिद प्रक्रियामा प्रतिस्पर्धा सिमित हुने गरी ऐन नियममा भएको व्यवस्था विपरीत १ करोडभन्दा बढी लागत अनुमान भएको निर्माण कार्य उपभोक्ता समितिमार्फत गराएको देखियो । पालिकाले सीमा भन्दा बढीको कार्य उपभोक्ता समितिमार्फत गराउने कार्यलाई निरुत्साहित गर्दै खरिद ऐन तथा नियमावलीको पालनामा जोड दिनुपर्दछ।
<table>
<tr><th>गो.भौ.नं।मिति</th><th>योजना</th><th>लागत अनुमान (कन्टीन्जेन्सी र ओभरहेड बाहेक)</th><th>लागत अनुमान (कन्टीन्जेन्सी, भ्याट र ओभरहेड समेत)</th><th>कार्यसम्पन्न रकम</th></tr>
<tr><td>५५६।०७९।३।२४</td><td>सिद्धकाली परिसर /उ.स.</td><td>९१०१२९६.१८</td><td>१०७३९५२८.९९</td><td>७२८१९६३.४६</td></tr>
<tr><td>५१४।०७९।३।२३</td><td>लायकु दरबार पून नि./उ.स.</td><td>७७१७९२६.९६</td><td>१०१६०४८४</td><td>७५१४६५६</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६९</td><td></td><td></td><td>अग्रिम कर कट्टी नगरेकोः</td><td>४६,७५०</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
आयकर ऐन, २०५८ को दफा ८९(३)(क) मा उपभोक्ता समिति मार्फत काम गराउने गरी गरिएको ५० लाख भन्दा बढिको भुक्तानी रकममा एक दशमलव पाँच प्रतिशतको दरले कर कट्टी गर्नुपर्ने उल्लेख छ । पालिकाले उपभोक्ता समिति मार्फत गराएका देहाय अनुसारका रु. ५० लाख भन्दा बढीको भुक्तानीमा केही योजनामा आशिंक कर कट्टी गरेको देखियो । आंशिक कर कट्टी गरी भुक्तानी गरिएकोले बाकी कर कट्टी बापतको रकम रु.४६७५० सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु.
<table>
<tr><th>गो.भौ.नं।मिति</th><th>योजना</th><th>का.स.</th><th>भुक्तानी भएको रु.</th><th>अग्रिम कर कट्टी गर्नुपर्ने</th><th>अ.क. कट्टी गरेको</th><th>बाकी अ.क. कट्टी रु.</th></tr>
<tr><td>५७६।०७९।३।२५</td><td>बुढाथोकी गाउँ राममन्दिर तथा सतल पून नि.</td><td>६२७९९८३.७२</td><td>५७७८०००</td><td>८६६७०</td><td>४१४२०</td><td>४५२५०</td></tr>
<tr><td>५३८।०७९।३।२४</td><td>श्री सिद्धीगणेश मन्दिर पू.नि. नगदेश परिसर उ.स.</td><td>५२४६२८४</td><td>५०९०१३५</td><td>७६३५३</td><td>७४८५३</td><td>१५००</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td>जम्मा</td><td>४६७५०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>७०</td><td></td><td></td><td>
कार्य स्वीकार प्रतिवेदन पेश गर्नुपर्नेः<br>
सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७(१) मा सार्वजनिक निकायले सम्पन्न भएको निर्माण कार्य, आपूर्ति गरिएको मालसामान, वा प्रदान गरिएको सेवा स्वीकार्दा सोको प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । नमूना छनोटका आधारमा लेखापरीक्षण गरिएकोमा यस स्थानीय तहले निम्नलिखित योजनाहरुमा उल्लिखित कानूनी व्यवस्था बमोजिम सम्पन्न भएको निर्माण कार्य स्वीकार्दा कार्यस्वीकार प्रतिवेदन तयार गरेको पाइएन । कानूनी व्यवस्थाको पालना नभएकोले त्यस्तो निर्माण कार्यको चेनेज खुल्ने गरि नापीकिताब तथा कार्यस्वीकार प्रतिवेदन पेश गर्नुपर्ने रु.
<table>
<tr><th>गो.भौ.नं।मिति</th><th>योजना</th><th>सप्लायर्स</th><th>रकम</th></tr>
<tr><td>५१६।०७९।३।२३</td><td>वडामा सडक बत्ती तथा विजुली व्य.</td><td>टाइम्स इन्टरप्राइज</td><td>२९०१८४</td></tr>
<tr><td>४४५।०७९।३।७</td><td>सि.सि.टि.भी. जडान</td><td>सोलुसन टेक प्रा.लि.</td><td>४८४७१३</td></tr>
</table>
</td><td>७७४,८९७</td></tr>
<tr><td>७१</td><td></td><td></td><td>
उपभोक्ता समिति योगदान शुन्य रहेको योजनाः<br>
सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ ( ३क) मा साठी लाख रुपैया भन्दा बढी लागत अनुमान भएको उपभोक्ता तथा लाभग्राहीद्धारा संचालित कार्यमा प्रत्येक कार्य ईकाईमा उपभोक्ता समितिले गर्नुपर्ने योगदान उल्लेख गरी खरिद सम्झौता गर्नुपर्ने व्यवस्था छ । नमूना छनोटका आधारमा लेखापरीक्षण गरिएकोमा निम्नानुसारका योजनाहरुमा नगरपालिकाको आ.व. २०७७।७८ नगरपालिकाको नीति तथा कार्यक्रमको बुदा नं ५९ अनुसार पुरातात्विक तथा परम्परागत कार्यका योजनाहरुमा उपभोक्ताको योगदान नचाहिने निर्णय गरी नगरपालिकाले नै लागतको शतप्रतिशत रकम व्यहोरेको देखियो । साथै नगरपालिकाले उपभोक्ता समिती तथा लाभग्राही समुदायद्धारा गरेका कार्यहरुमध्ये केही निर्माण कार्यमा २०% को हाराहारीमा जनसहभागिता समेत गरेको देखिएको छ । पालिकाले उपभोक्ता समितिद्धारा संचालित योजनाहरुमा उपभोक्ता समितिको योगदान समावेश नगरेका कारण पालिकालाई उपभोक्ता समितिको योगदानबापतको रकम थप व्ययभार परेको देखिएकोले पालिकाले खरिद नियमावलीमा व्यवस्था भएबमोजिम उपभोक्ता समितिको योगदान सुनिश्चित गर्ने तर्फ जोड दिनुपर्दछ ।
<table>
<tr><th>गो.भौ.नं।मिति</th><th>योजना/उ.स.</th><th>लागत अनुमान</th><th>कार्यसम्पन्न रकम</th><th>उ.स. योगदान रु</th></tr>
<tr><td>४५८।०७९।३।१४</td><td>दिगु भैरव परिसर /उ.स.</td><td>४९९१२२१</td><td>४७६२०११</td><td>०</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>५१४।०७९।३।२३</td><td>लायकु दरबार पून नि. /उ.स.</td><td>७९९९४६७.८५</td><td>७५१४६५६</td><td>०</td></tr>
<tr><td>५१२।०७९।३।२३</td><td>विष्णुविर मन्दिर फल्चा पून नि. /उ.स.</td><td>७४९९६२१</td><td>६२१९४८३</td><td>०</td></tr>
<tr><td>५२३।०७९।३।२४</td><td>निगु पुखु/पुनः निर्माण गुरुयोजना उ.स</td><td>७५,००,०००</td><td>७३,६६,८००</td><td>०</td></tr>
<tr><td>५९६।०७९।३।२५</td><td>बहाखा महादेब परिसर</td><td>४०,००,०००</td><td>१८,९१,५००</td><td>०</td></tr>
<tr><td>५५०।०७९।३।२४</td><td>सिद्धिगणेश मन्दिर पुननिर्माण/ उ.स</td><td>५०,००,०००</td><td>४१,९२,५००</td><td>०</td></tr>
<tr><td>५५६।०७९।३।२४</td><td>सिद्धिकाली परिसर सुधार /उ.स</td><td>७५,००,०००</td><td>५८,२५,४००</td><td>०</td></tr>
<tr><td>४१९।०७९।२।२७</td><td>न्यागा छवासो परिसर /उ.स</td><td>६०,००,०००</td><td>५१,५४,३००</td><td>०</td></tr>
<tr><td>३८६।०७९।२।४</td><td>गुंग चिवा परिसर/ उ.स</td><td>४०,००,०००</td><td>३९,६७,४००</td><td>०</td></tr>
<tr><td>५८२।०७९।३।२५</td><td>नगदेश देपपरिसर उ.स.</td><td>३०,००,०००.००</td><td>१०,८४,८३२</td><td>०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>७२</td><td></td><td></td><td>पले स्वा पुखु<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक निकायले स्वीकृत नम्सको आधारमा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। नम्सको प्रयोग गर्दा किफायती नम्स प्रयोग गरि सरकारी साधनको मितव्ययी प्रयोग गरिनुपर्छ । पालिकाले गो.भौ.नं।मिति ३५४।०७९।१।२२ मार्फत पलेस्वाः पुखु निर्माण उ.स.लाई फाइनल बिल तथा कार्यसम्पन्न प्रतिवेदन पेश भई भुक्तानी गरेकोमा Providing & placing of M१५ grade (१:२:४) including compaction etc कार्यमा सडक नम्सअनुसार प्रति घ.मि. रु.१४५३८.४८ का दरले भुक्तानी गर्नुपर्नेमा भवन नम्स अनुसार प्रति घ.मि. रु.१५२८९.५६ का दरले १६.३२ घ.मि. कार्यको भुक्तानी भएकोले फरक नम्स प्रयोग गरि बढी भुक्तानी रकम रु.१२२५८ असुल गर्नुपर्ने</td><td>१२,२५८</td></tr>
<tr><td>७३</td><td></td><td></td><td>निगु पुखु<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक निकायले स्वीकृत नम्सको आधारमा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले गो.भौ.नं।मिति ५२३।०७९।३।२४ मार्फत पलेस्वाः पुखु निर्माण उ.स.लाई फाइनल बिल तथा कार्यसम्पन्न प्रतिवेदन पेश भई भुक्तानी गरेकोमा Traditional brick work (small dachi appa in १:४ c.s.m) कार्यमा Archeology नम्सअनुसार प्रति घ.मि. रु.५७१३.५४ का दरले भुक्तानी गर्नुपर्नेमा प्रति घ.मि. रु.५८२१.६ का दरले २१९.२४ घ.मि. कार्यको भुक्तानी भएकोले बढी भुक्तानी भएको रकम रु.२३६९६ असुल गर्नुपर्ने</td><td>२३,६९६</td></tr>
<tr><td>७४</td><td></td><td></td><td>टुक्रे खरिदः<br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा यस ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुनेगरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ । पालिकाले निम्नानुसारका कार्यक्रमहरुमा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रे खरिद गरेको देखियो । पालिकाले सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम प्रतिस्पर्धा सुनिश्चित हुने गरी खरिद गर्नुपर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| गो.भौ.नं।मिति | कार्यक्रम | सप्लायर्स | खरिद सामाग्री | रकम | |
|---|---|---|---|---|---|
| ४६७।०७९।३।१६ | खपला पोखरी परिसर सुधार | भद्रकाली सप्लायर्स | व्यायाम सामाग्री | ९१०७८० | |
| ४३१।०७९।३।५ | मेसिनरी तथा औजार | एस.ए. ट्रेड | ल्यापटप तथा कम्प्यूटर | ६३३३६५ | |
| ४३९।०७९।३।७ | मेसिनरी तथा औजार | हिमाल मेटल एडं सप्लायर्स | कार्यालय सामाग्री | ६९४५५४ | |
| २१।०७८।७।११ | आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाका लागि औषधी खरिद | ओम मेडिकल एडं सर्जिकल सप्लायर्स | स्वास्थ्य सामाग्री | २०५३२१ | |
| २९।०७८।८।७ | आयुर्वेद औषधालयको कार्यक्रम बजेट | सर्जु आयुर्वेद सप्लायर्स | स्वास्थ्य सामाग्री | ३९९९६५ | |
| ४८।०७८।९।६ | आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाका लागि औषधी खरिद | सनराइज सर्जिकल हाउस | सर्जिकल सामाग्री | ४३२१५७ | |
| १४०।०७९।१।१२ | आयुर्वेद औषधालयको कार्यक्रम बजेट | काठमाडौं आयुर्वेद डिस्ट्रीब्युट्रस | स्वास्थ्य सामाग्री | १४२०४६ | |
| १४६।०७९।१।२६ | आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाका लागि औषधी खरिद | डालिमा मेडिसेल्स | स्वास्थ्य सामाग्री | ३९८८१२ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७५ | | | **कार्य सम्पन्न प्रतिवेदन**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु व्यवस्था छ । यस स्थानीय तहले उल्लिखित कानूनी व्यवस्था बमोजिम त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाइएन । कानूनी व्यवस्थाको पालना नभएकोले त्यस्तो निर्माण कार्य स्वीकर्त ड्रइङ डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको यकिन हुन सक्ने अवस्था देखिएन । | |
| ७६ | | | **बढी भुक्तानी**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक निकायले स्वीकृत नम्सको आधारमा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले सडक तथा ब्रिजका लागि स्वीकृत नम्स २०७५ अनुसार तयार गरेको नम्सअनुसार S.M.W १:४ in Foundation को प्रति घ.मि. रु.११३९१.९२ रहेकोमा पालिकाले गो.भौ.नं।मिति ४६२।०७९।३।१५ मा कुण्डोल पार्क योजनामा कुण्डोल पार्क नि.उ.स.लाई Stone M.w. in cement morter १:४ in foundation कार्यमा प्रति घ.मि. रु.१२७३६.५ का दरले १४७ घ.मि.को भुक्तानी गरेको देखियो । पालिकाले उपभोक्ता समितिलाई S.M.W १:४ in Foundation कार्यमा S.M.W १:४ in Structure को दरले भुक्तानी दिएकोले प्रति घ.मि. रु.१३४४.५८ का दरले १४७ घ.मि.को रु.१९७७०७ बढी भुक्तानी दिएको असुल हुनुपर्ने रु.१९७७०७ | १९७,७०७ |
| ७७ | | | **सार्वजनिक परीक्षण**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तगत सार्वजनिक परीक्षण र | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवफदेहिता र पारर्दशिताको प्रबद्र्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ</td><td></td></tr>
<tr><td>७८</td><td></td><td></td><td>गुणस्तर परीक्षण<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।</td><td></td></tr>
<tr><td>७९</td><td></td><td></td><td>पि.पि.सि. सिमेन्टको प्रयोग<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा स्वीकृत नम्र्स अनुसार लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । साथै उपभोक्ता समितिसँग भएको सम्झौतामा समेत कार्यालयले तोके भन्दा फरक गुणस्तरमा कार्य गरेमा कार्यालयबाट भुक्तानी नहुने उल्लेख छ । कार्यालयले देहायका देहायका योजनामा ओ.पि.सि.सिमेन्टको प्रयोग गर्ने गरी लागत अनुमान स्वीकृत गरी उपभोक्ता समितिसँग सम्झौता गरेकोमा उपभोक्ता समितिले पि.पि.सि. सिमेन्ट खरिद गरी प्रयोग गरेको मू..अ.कर बिजक समावेश गरेकामा समेत कार्यालयले लागत अनुमानकै दरमा भुक्तानी गरेको छ । जिल्ला दररेट अनुसार ओ.पि.सि. सिमेन्टको दर प्रति बोरा रु. ८४० (मू.अ.कर बाहेक) र पि.पि.सि. सिमेन्टको दर प्रति बोरा रु.७०० ( मू.अ.कर बाहेक) रहेको छ । जसबाट एकातर्फ तोकिएको गुणस्तर बमोजिमको कार्य भएको नहुन सक्छ भने आर्कोतर्फ प्रति बोरा रु.११० (मू.अ.कर समेत) का दरले बढी भुक्तानी भएको छ । तोकिएको गुणस्तरमा कार्य नभएको अवस्थामा यसले निर्माण कार्यको दिगोपनामा असर गर्ने देखिन्छ । नमुना छनौट गरिएका तपसिल बमोजिमको योजनामा तोकिए भन्दा फरक गुणस्तरको निर्माण सामाग्रीको प्रयोग भएको अवस्थामा समेत लागत अनुमान कै दरमा भुक्तानी भएकोले बढी भुक्तानी भएको रकम असूल हुनुपर्ने देखिएको रु.
<table>
<tr><th>गोश्वरा भौचर</th><th>उपभोक्ता समिति/आपुर्तक</th><th>सिमेन्ट वोरा संख्या</th><th>बढी भुक्तानी</th></tr>
<tr><td>४६१-७९।३।१५</td><td>बप्पा महादेब मन्दिर परिसर निर्माण उ.स/न्यु भद्रकाली ईन्टरप्राईजेज</td><td>५७५</td><td>६३,२५०</td></tr>
<tr><td>५४२-३।२४</td><td>मध्यपुर कराते एकेडमी परीसर सुधार कार्यक्रम कालीह्रोक एस के हार्डवेयर</td><td>४२०</td><td>४६,२००</td></tr>
<tr><td>५९६-७९।३।२५</td><td>बहाखा महादेब परीसर उ.स/मध्यपुर ईन्टरप्राईजेज ईन्टरप्राईजेज</td><td>१२०</td><td>१३,२००।</td></tr>
<tr><td>२२०-७८।१।१०</td><td>कुतिङ्ग संजिबनी पार्क निर्माणउ.स/ मध्यपुर ईन्टरप्राईजेज</td><td>३००</td><td>३३,०००।</td></tr>
<tr><td>५८६-७९।३।२५</td><td>दथु बहा पुन निर्माणउ.स/ भिमेश्वर हार्डवेयर एण्ड सप्लायर्स</td><td>१००</td><td>११,०००।</td></tr>
<tr><td>३३४-७९।१।७</td><td>भागुखेल मैदान सुधार उपभोक्ता समिति/ मध्यपुर ईन्टरप्राईजेज प्रा.ली</td><td>५००</td><td>५५,००००।</td></tr>
<tr><td>५९८-७९।३।२५</td><td>बालकुमारी परीसर सुधार उपभोक्ता समिति/ कमेरोटार ईन्टरप्राईजेज</td><td>१६७</td><td>१८,३७०।</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>२,४०२००।</td></tr>
</table>
मिति २०७९-१२-२० मा बप्पा महादेब मन्दिर परिसर निर्माण उ.स/न्यु भद्रकाली ईन्टरप्राईजेज को ६३२५०.०० सम्परीक्षण मनासिब देखि फर्स्यौट गरिएको मिति २०७९-१२-२० मा दथु बहा पुन</td><td>११०,७७०</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | **निर्माणउ.स/ भिमेश्वर हार्डवेयर एण्ड सप्लायर्स** को **११०००.००** सम्परीक्षण मनासिब देखि फस्योंट गरिएको मिति **२०७९-१२-२०** मा **भागुखेल मैदान सुधार उपभोक्ता समिति/ मध्यपुर ईन्टरप्राईजेज प्रा.ली** को **५५०००.००** सम्परीक्षण मनासिब देखि फस्योंट गरिएको | |
| ८० | | | **मू.अ.कर बिजक**<br>मू.अ.कर नियमाबली २०५३ को नियम १७.१ अनुसार मुल्य अभिबृध्दी करमा दर्ता भएको ब्यक्तिले कुनै बस्तु वा सेवाको आपुर्ति गर्दा कर अधिकृतले अन्यथा स्विकृत गरेदेखि बाहेक प्रापकलाई अनुसुची ५ बमोजिमको ढाँचामा कर बिजक जारी गर्नुपर्ने ब्यबस्था रहेको छ।साथै आन्तरीक राजश्व बिभागको मिति २०५५।३।३२ र २०६५।७।१० को परिपत्र अनुसार मुल्य अभिबृध्दी करमा दर्ता भएको करदाताले हरेक बर्ष बिजकको क्रम संख्या १ बाट शुरु गर्नुपर्ने,कर बिजकमा हातले नम्बर राख्न नहुने र केरमेट गर्न नहुने उल्लेख।यस कार्यालयले निम्न अनुसारका आपुर्तिकर्ताहरुलाइ भुक्तानी दिदा संलग्न गरेका बिलहरुमा हातले नम्बर राखेको र बिलको मितिनै उल्लेख नभएकोले मुल्य अभिबृध्दी कर बापत भएको भुक्तानी रु.५६१०६० को समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने | ५२५,२०० |

| भौ.नं./मिति | सम्बन्धित उपभोक्ता समिति | आपूर्ति कर्ताको नाम | भुक्तानी रकम | समायोजन पेशगर्नेमू.अ.क. | कैफियत |
|---|---|---|---|---|---|
| ३४१,५८६-३।२५ | दथु बहा पुन निर्माणउ.स | मालाकार उड कार्भिङ्ग | १२२०४० | १४,०४० | १९हातले बिजक नं लेखेको |
| ३४१,५८६-३।२५ | दथु बहा पुन निर्माणउ.स | मालाकार उड कार्भिङ्ग | ४०६८०० | ४६,८०० | १८ हातले बिजक नं लेखेको |
| ३४१,५८६-३।२५ | दथु बहा पुन निर्माणउ.स | मालाकार उड कार्भिङ्ग | ४०६८०० | ४६,८०० | १५ हातले बिजक नं लेखेको |
| १६१-१०।२३ | वडाको बिभिन्न भागमा ढुङ्गा छपाइ कार्यउ.स | चिप्स बालुवा ढुङ्गा बिजनेश ग्रुप प्रा.ली | ३६२९५६० | ४,१७,५६० | बिजक नं नलेखेको |
| जम्मा | | | | ५२५२०० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८१ | | | **बढी भुक्तानी**<br>आर्थीक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व नियमावली, २०७७को नियम ३९(५)मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने बिल, भर्पाइ, प्रमाण र कागजात संलग्न हुनुपर्ने ब्यबस्था रहेको छ।कार्यालयले वडाको बिभिन्न भागमा ढुङ्गा छपाई कार्य बापत उपभोक्ता समितिलाई बिल क्र.सं ७मा supply and fitting ११० m.m H.D.P.E pipe १० k.gको रु ५,४०१।भुक्तानी भएकोमा उक्त खर्च दिने आधार प्रमाण पेश नभएकोले दाखिला गर्नुपर्ने देखिएको | ५,४०१ |
| ८२ | | | **ढुवानी खर्च**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७क(९)क मा एक आपसमा अन्तर सम्बन्धीत भई एउटै प्याकेजमा काम गर्ने प्रकृतिको निर्माण कार्यलाई खण्डीकरण गरी लाभग्राही समुदायबाट गराउन नसकिने ब्यवस्था रहेको छ । उपभोक्ता समुह मार्फत निर्माण कार्य गराउदा निर्माण सामग्री र ढुवानीको कार्यलाई खण्डीकरण गरी भुक्तानी गर्ने गरेको पाईयो सामान्यतया निर्माण सामग्री खरिद गर्दा बिक्रेताले ढुवानी भाडा समेत जोडी मुल्य निर्धारण गर्ने गरेको पाईन्छ यस कार्यालयले निम्नानुसारका निर्माण सामग्री खरिद गर्दा निर्माण सामग्रीको छुट्टै र ढुवानीको छुट्टै मुल्य राखि भुक्तानी हुने गरेकोले यस्ता खर्चका बास्तबिकताको यकीन गरी भुक्तानी गर्नु पर्ने देखिन्छ, साथै अन्य यस्ता भुक्तानीका सम्बन्धमा कार्यालयले यकिन गर्नुपर्ने देखिन्छ।नमुना परिक्षण गर्दा निर्माण सामग्री खरिद गर्दा निर्माण सामग्रीको छुट्टै र ढुवानीको छुट्टै मुल्य राखि निम्नानुसार भुक्तानी भएकोले यस्ता खर्च नियन्त्रण गर्नुपर्ने देखिन्छ। | |

| उपभोक्ता समिति | आपुर्तक/निर्माण सामग्री | मुल्य | ढुवानी कर्ता | मुल्य |
|---|---|---|---|---|

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td rowspan="4">ग:हिटी पहिरो नियन्त्रणवाल नि.उ.स</td><td>भेटवाल ए.बि.सी स्टोरबाट सिमेण्ट</td><td>४,२५,०००</td><td>-</td><td>-</td></tr>
<tr><td>यखुर बन्स्ट्रक्सन एण्ड सप्लायर्स ढुङ्गा</td><td>८,९८,३५०</td><td>घोगोडा निर्माण सामग्री सप्यर्स</td><td>२३४०००</td></tr>
<tr><td>यखुर बन्स्ट्रक्सन एण्ड सप्लायर्स बालुवा</td><td>४५,४३५</td><td>पञ्च बुध्द सप्लायर्स</td><td>६४०००</td></tr>
<tr><td>रोडा</td><td>५७,०००</td><td>-</td><td>-</td></tr>
<tr><td rowspan="3">भागु खेल मैदान निर्माण उ.स</td><td>बिभिन्न आपुर्तक बाट/ढुङ्गा</td><td>३६३२५०</td><td rowspan="3">-मञ्जुश्री बि.एस.सप्लायर्स</td><td rowspan="3">१,१२८,०००</td></tr>
<tr><td>बिभिन्न आपुर्तक बाट /सिमेण्ट</td><td>६५८८४७</td></tr>
<tr><td>बिभिन्न आपुर्तक बाट /बालुवा</td><td>९४९२०</td></tr>
</table>
निर्माण सामग्री भन्दा पनि ढुवानी खर्च बढी भुक्तानी भएको।<br>
-भागु खेल मैदान निर्माण उ.सले ढुवानी खर्च भुक्तानी दिदा चलान पुर्जीको आधारमा समेत भुक्तानी दिईएको पाईयो, चलान पुर्जी कर बिजक नभएको हुँदा कर बिजकको आधारमा मात्र भुक्तानी दिनुपर्ने देखिन्छ।
</td><td></td></tr>
<tr><td>८३</td><td></td><td></td><td>निर्माण सम्झौता अनुसार काम गर्नमा अबरोध भएको<br>
सागबारी सडक चौडा गरीकालो पत्रे गर्न लागत अनुमान मु.अ.क.समेत रु८४,६५,०४९।भएकोमा आर.आर.कन्स्ट्रक्सन संग मु.अ.क.समेत रु७३,८४,१३२।मा ठेक्का सम्झौता भएकोमा बिभिन्न ठाँउमा २० फिटको बाटो चौडापार्न अबरोध गरेको कारण १३फिट समेत बनाई सडक कालो पत्रे गर्न लागिएकोले मापदण्ड अनुसार र निर्धारीत मितिमा कार्य सम्पन्न गर्नुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>८४</td><td></td><td></td><td>निर्माण सम्झौता अनुसार कार्य प्रगती नभएको<br>
श्रेष्ठ/नागार्जुन/मुडबरी एण्ड जोशी जे.भी संग सडकहरुमा बिद्युतिकरण गर्ने,खानेपानी प्रणालीको पाईप बिछ्याउने,सडकहरुको स्तरोन्नती गरी फुटपाथ सहित कालो पत्रेको काम गर्ने गरी मिति २०७६।१०।१मा मु.अ.क.समेत रु६१,७६,०३,५४०।३२मा सम्झौता भई मिति २०७८।९।२९सम्मको म्याद दिईएकोमा२०७९।९।२९सम्म म्याद थप गरीएको छ। म्याद थप गर्दा बिमाको म्याद थप भएको पाईएन।मिति २०७८।१२।२९सम्ममा सातौ बिल भुक्तानी हुँदा ३४ प्रतिशत मात्र काम भएको हुँदा थपिइएको समयमा काम सम्पन्न हुने देखिएन। सडक निर्माणको कार्य मापदण्ड अनुसार र निर्धारीत मितिमा सम्पन्न गर्नुपर्ने देखिन्छ।</td><td></td></tr>
<tr><td>८५</td><td></td><td></td><td>फरक नम्सको प्रयोग गरि भुक्तानी भएको<br>
सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक निकायले स्वीकृत नम्सको आधारमा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। नम्सको प्रयोग गर्दा किफायती नम्स प्रयोग गरि सरकारी साधनको मितव्ययी प्रयोग गरिनुपर्छ । पालिकाले निम्नानुसारका उपभोक्ता समितिमार्फत संचालन गरिएका योजनाहरुमा सडक निर्माण कार्यमा भवनको नम्स प्रयोग गरेको पाइयो ।दरविश्लेषणलाई आधार मान्दा भवनको भन्दा सडक तथा ब्रिजका लागि स्वीकृत नम्स २०७५ किफायती देखिन्छ ।नमुना छनोटका आधारमा लेखापरीक्षण गर्दा पालिकाले निम्नानुसारका योजनाहरुमा सम्बन्धित नम्स प्रयोग नगरी फरक नम्स प्रयोग गरि स्वीकृत लागत अनुमान एवं कार्यसम्पादन प्रतिवेदन तयार गरि भुक्तानी गरेकोले बढी भुक्तानी भएको रकम असुल हुनुपर्ने रु.९०३२७
<table>
<tr><td>गो.भौ.नं।मिति</td><td>योजना/उ.स.</td><td>कामको विवरण</td><td>भवन नम्सअनुसार रु</td><td>सडक नम्स अनुसार रु.</td><td>फरक दर रु</td><td>कार्य परिमाण</td><td>बढी भुक्तानी</td></tr>
</table>
</td><td>९०,३२७</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ७।०७९।३।१७ | नमूना टोल जातिगल उ.स. ढुंगा छपाइ कार्य | Pcc १:२:४ over flat brick soling | १५२८९.५६ | १३७४५.४७ | १५४४ | २६.४ घ.मि. | ४०७६३ |
| ७।०७९।३।१७ | नमूना टोल जातिगल उ.स. ढुंगा छपाइ कार्य | Local chimney brick work १:४ | १५१९१.९८ | १४६९६ | ४९५.९८ | ११ घ.मि. | ५४७६ |
| ५९८।०७९।३।२५ | बालकुमारी परिसर सुधार /उ.स. | Pcc grade m१५ (१:२:४) | १७७४९.५६ | १४५३८.४८ | ३२११ | १३.७३ घ.मि. | ४४०८८ |
| | | | | | | जम्मा | ९०३२७ |

८६

**जटिलसंरचना निर्माण**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन :

| योजना | उपभोक्ता समिति | कार्य | भुक्तानी रकम |
|---|---|---|---|
| सामुदायिक भवन सानोठिमी | सामुदायिक भवन निर्माण उ.स | भवन निर्माण | २०५७२०० |
| ज्येष्ठ नागरिक भवन, सिद्धिकाली | ज्येष्ठ नागरिक भवन निर्माण उ.स | भवन निर्माण | ५१,९६ ,२८० |
| धुन्चो देवी मार्ग | धुन्चो देवी मार्ग उ.स | सडक स्तरोन्नति | २९८६००० |
| पलेस्वा पुखु | पलेस्वा पुखु उ.स | ढुंगा छाप्ने कार्य लगायत अन्य | ६९,१८ ,२०० |
| निगुपुखु | निगुपुखु पुनः निर्माण गुरुयोजना उ.स | ढुंगा छाप्ने कार्य लगायत अन्य | ७३,६६ ,८००. |
| दथुटोल देखि शिवाटोल सम्म बाक्लो ढुंगा छपाई | दथुटोल देखि शिवाटोल सम्म बाक्लो ढुंगा छपाई उ.स | ढुंगा छाप्ने कार्य लगायत अन्य | २५,९४ ,१०० |
| हात्तीमहाँकाल देखि बाहाखा बजारसम्म बाक्लो ढुंगा छपाई | हात्तीमहाँकाल देखि बाहाखा बजारसम्म बाक्लो ढुंगा छपाई उ.स | ढुंगा छाप्ने कार्य लगायत अन्य | ५७,१७ ,३०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | |
|---|---|---|---|
| वडाको विभिन्न स्थानमा ढलान कार्य | वडाको विभिन्न स्थानमा ढलान तथा ढुंगा छपाई उ.स, वडा नं १ | ढलान लगायत अन्य | ६१,६७ ,००० |
| सडक बत्ती | सडक बत्ती उ.स वडा नं २ | सडक बत्ती | १९,९१ ,१७७ |
| सडक बत्ती | सडक बत्ती उ.स वडा नं ३ | सडक बत्ती | १९,८५ ,००० |
| चोडे ताहा फल्चा देखि कौगासम्म ढुङा छपाई रेटिङ्गवाल निर्माण | चोडे ताहा फल्चा देखि कौगा सम्म ढुंगा छपाई रेटिनिङ्ग वाल निर्माण उ.स | रिटेनिङ वाल लगायत अन्य | २९,९६ ,६२० |
| गाचाननी परिसर ढुंगा छपाई र ढल व्यबस्थापन | गाचाननी परिसर ढुंगा छपाई र ढल व्यबस्थापन उ.स | ढल व्यवस्थापन लगायत अन्य | १७,८७ ,२०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८७ | | | **सामाजिक सुरक्षा**<br>पालिकाले आर्थिक वर्ष २०७८।७९ मा ९ वटा वडाहरुमा विभिन्न बैंकहरुमार्फत कुल रु.१६३४१३१४७ निकासा गरेकोमा लाभग्राहीहरुको खातामा रु.१६२८९२४०४ दाखिला भएकोमा बाकी रकम रु.६३२३९० फिर्ता हुनुपर्नेमा लेखापरीक्षण अवधि सम्म विभिन्न बैंकहरुबाट रु.३३९३३७ फिर्ता भएको देखियो । पालिकाले निम्नानुसारका बैंकहरुबाट फिर्ता बाकी रकम रु.२९३०५३ प्राप्त गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रु. | २९३,०५३ |

| वडा | निकासा रकम | लाभग्राहीको खातामा दाखिला | फिर्ता हुनुपर्ने रकम | फिर्ता भएको रकम | फिर्ता बाकी रकम | सेवा प्रदायक बैंक |
|---|---|---|---|---|---|---|
| १ | १५०४९३८८ | १५०४०७६४ | ८६२४ | ० | ८६२४ | NIC Asia बैंक, कौशलटार |
| २ | ९०३७६८९ | ९०२६४८३ | १२२८५३ | १२२८५३ | ० | रा.वा. बैंक, सानो ठिमि |
| ३ | १४६८३६६७ | १४६५७४२५ | २६२४२ | १०७६७ | १५४७५ | सिद्धार्थ बैंक, गट्टाघर |
| ४ | २८८१७२३५ | २८६१३८५३ | २०३३८२ | ८८७२ | १९४५१० | माछापुच्छे बैंक, नया ठिमि |
| ५ | २९७५००११ | २९६४८८६४ | १०११४७ | ९३२८० | ७८६७ | रा.वा.बैंक, बाहाखा बजार |
| ६ | १७७८३५९२ | १७७३१९९१ | ५१६०१ | १८१६२ | ३३४३९ | रा.वा.बैंक, बाहाखा बजार |
| ७ | १९५७४१०० | १९५५४९९९ | १९९०१ | १८७१४ | ३८७ | कृ.वि. बैंक, मिलरोड |
| ८ | १६६१८९७२ | १६५५६५८६ | ६२३८६ | २९६३५ | ३२७५१ | मेगा बैंक, बहाखा बजार |
| ९ | १२०९८४९४ | १२०६१४४० | ३७०५४ | ३७०५४ | ० | मेगा बैंक, बहाखा बजार |
| जम्मा | १६३४१३१४७ | १६२८९२४०४ | ६३२३९० | ३३९३३७ | २९३०५३ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८८ | | | **सिन्टीटार जग्गा एकिकरण आयोजना** | |

**परिचयः** शहरी विकास मन्त्रालयको नीतिगत कार्य क्षेत्र भित्र रहि शहरीकरण प्रक्रियालाई व्यवस्थित, जनसंख्या वृद्धि र शहरी बसाई सराईको कारणले आवसीय जग्गाको मागलाई परिपूर्ति गर्न जनतालाई न्यूनतम आवसीय सुविधा परिपूर्ति गर्न मध्यपुर थिमी नगरपालिका वडा नं १ र ३ अन्तरगत बोडेमा २०६९ साल देखि यस आयोजनाको संचालन हुदै आएको देखिन्छ ।

**स्रोत व्यवस्थापन र कार्यक्षेत्रः** आयोजनाको स्रोत जुटाउनको लागि व्यवस्थित तथा योजनाबद्ध शहरीकरणका लागि स्थानीय व्यक्तिहरुको करिब १०८२ रोपनी जति जग्गा एकिकरण गरी शहरी मापदण्ड बमोजिमको सडक, खानेपानी, बिजुली बत्ती, खुला जमिन, पार्क, खेलमैदान सहित सुविधायुक्त घडेरीको रुपमा विकास गरी रिप्लटिङ तथा थप जग्गा सहित नया घडेरी बिक्री वितरणको आयबाट कोष खडा गर्ने, स्थायी लालपुर्जा उपलब्ध गराउने, जग्गा धनीलाइ फिर्ता दिने, जग्गा प्लट मिलाउने सहित सो क्षेत्रको पूर्वाधार विकास गर्नुपर्ने हुन्छ । यस निकायले विधिवत ढंगबाट आयोजनासंग सरोकार स्थानीय व्यक्तिहरुको उपभोक्ता समितिको सिफारिस र सहमतिमा आयोजनाको कार्यसंचालन समितिले पारित गरेको नीति तथा कार्यक्रम र स्वीकृत बजेट प्रचलित आर्थिक ऐन , नियम एवं आयोजनाको नीति निर्देशन र कार्यविधि भित्र रही बजेट तथा अख्तियारी बमोजिम खर्च गर्ने व्यवस्था रहेको छ ।

**कर्मचारी व्यवस्थाः** आयोजनाका लागि छुट्टै कर्मचारीको व्यवस्था नभएको र आयोजनाको कार्य संचालनको लागि जिल्ला आयुक्त कार्यालय, भक्तपुरका कर्मचारीहरु संलग्न गराइएको छ ।

**बजेट खर्च तथा प्रगतिको अवस्थाः** आयोजनाबाट प्राप्त वित्तीय विवरण अनुसार यो वर्षको निम्न बमोजिमका कारोबारहरुको लेखापरीक्षण सम्पन्न गरिएकोमा देखिन आएका व्यहोरा प्रस्तुत गरिएको छ ।
:

| आय | | व्यय | |
|---|---|---|---|
| विवरण | रकम | विवरण | रकम |
| विनियोजनतर्फ | | | |
| गतवर्षको जिम्मेवारी | १७०६९७३४.११ | चालु खर्च | १०४८७० |
| यो वर्षको आम्दानी | ४४५०३६१.२१ | पूजीगत खर्च | ४०९७५ |
| धरौटी तर्फ | | - | - |
| गत वर्षको जिम्मेवारी - | १५१८०३६.४ | कर दायित्व भुक्तानी | १७४९ |
| यो वर्षको आम्दानी | ३६१६६.४३ | धरौटी फिर्ता तथा ब्याज कर कट्टी | ५४२४.९६ |
| - | - | कुल बैंक मौज्दात | २२९२१२७९.१९ |
| - | - | धरौटीतर्फ बैंक मौज्दात रु.१५४८७७७.८७ | |
| - | - | विनियोजनतर्फ बैंक मौज्दात रु.२१३७२५०१.३२ | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>जम्मा</td><td>२३०७४२९८.१५</td><td>जम्मा</td><td>२३०७४२९८.१५</td></tr>
</table>
आयोजनाको विनियोजन तर्फ गत वर्षको मौज्दात रु.१७०६९७३४.११४ रहेकोमा आ.व. २०७८।७९ मा सम्पत्ति बिक्री तथा अन्य आम्दानी गरी रु.४४५०३६१.२१ र धरौटीतर्फ गतवर्षको मौज्दात रु.१५१८०३६.४ र यस वर्ष रु.३६१६६.४३ गरी रु.२३०७४२९८.१५ कुल आम्दानी भएको मध्ये यस वर्ष आयोजना अन्तर्गत चालु खर्चमा रु.१०४८७० र पूजीगत खर्चमा रु.४०९७५ र धरौटी फिर्ताबापत रु.५४२४.९६ ,कर दायित्व भुक्तानीबापत रु.१७४९ खर्च भई वर्षको अन्त्यमा विनियोजन तर्फ बैंक मौज्दात रु.२१३७२५०१.३२ र धरौटीतर्फ बैंक मौज्दात रु.१५४८७७७.८७ गरी कुल रु.२२९२१२७९.१९ मौज्दात रहेको देखिन्छ ।
</td><td></td></tr>
<tr><td>८९</td><td></td><td></td><td>
कमेरोटार जग्गा एकीकरण आयोजना
<table>
<tr><td rowspan="2">पद</td><td rowspan="2">नाम</td><td colspan="2">कार्यरत अवधि</td></tr>
<tr><td>देखि</td><td>सम्म</td></tr>
<tr><td>प्र. प्र . अ .</td><td>श्री चुरामणि पन्थी</td><td>२०७८।०४।०१</td><td>२०७९।३।३२</td></tr>
<tr><td>लेखा प्रमुख</td><td>लेखापालः श्री कृष्ण सुन्दर थापा मगर</td><td>२०७८।०४।०१</td><td>२०७९।३।३२</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>८९.१</td><td></td><td></td><td>
परिचयः काठमाडौं नगर विकास समितिको वि.स. २०५९।३।२४ को निर्णयअनुसार शहरीकरण प्रक्रियालाई व्यवस्थित गर्न कमेरोटार जग्गा एकिकरण आयोजना संचालन हुदै आएकोमा वि.स. २०७५ देखि मध्यपुर थिमी नगरपालिका अन्तरगत संचालन हुदै आएको छ ।<br><br>
स्रोत व्यवस्थापन र कार्यक्षेत्रः आयोजनाको स्रोत जुटाउनको लागि व्यवस्थित तथा योजनाबद्ध शहरीकरणका लागि स्थानीय व्यक्तिहरुको करिब १०८२ रोपनी जति जग्गा एकिकरण गरी शहरी मापदण्ड बमोजिमको सडक, खानेपानी, बिजुली बत्ती, खुला जमिन, पार्क, खेलमैदान सहित सुविधायुक्त घडेरीको रुपमा विकास गरी रिप्लटिङ तथा थप जग्गा सहित नया घडेरी बिक्री वितरणको आयबाट कोष खडा गर्ने, स्थायी लालपुर्जा उपलब्ध गराउने, जग्गा धनीलाइ फिर्ता दिने, जग्गा प्लट मिलाउने सहित सो क्षेत्रको पूर्वाधार विकास गर्नुपर्ने हुन्छ । यस निकायले विधिवत ढंगबाट आयोजनासंग सरोकार स्थानीय व्यक्तिहरुको उपभोक्ता समितिको सिफारिस र सहमतिमा आयोजनाको कार्यसंचालन समितिले पारित गरेको नीति तथा कार्यक्रम र स्वीकृत बजेट प्रचलित आर्थिक ऐन ,नियम एवं आयोजनाको नीति निर्देशन र कार्यविधि भित्र रही बजेट तथा अख्तियारी बमोजिम खर्च गर्ने व्यवस्था रहेको छ ।<br><br>
आय व्ययः स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम आयोजनाले प्राप्त गरेको आय, अनुदान तथा सहायता भएको आय व्ययको हिसाबको आर्थिक वर्ष २०७८।७९ को समग्र आय व्ययको अवस्था निम्न बमोजिम रहेको छ ।
<table>
<tr><td colspan="3">आय</td><td colspan="3">व्यय</td></tr>
<tr><td>सि.नं.</td><td>विवरण</td><td>रकम</td><td>सि.नं.</td><td>विवरण</td><td>रकम</td></tr>
<tr><td>१</td><td>गतवर्षको मौज्दात</td><td rowspan="2">७५२४९१०४.७४</td><td>१</td><td>चालु खर्च</td><td>१२२६७१३७.४३</td></tr>
<tr><td>क</td><td>नगद मौज्दात- ०</td><td>२</td><td>पूजीगत खर्च</td><td>१२३४४०५६८.१३</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| ख | संचित कोष खाता मौज्दात- ६४२५९५६७ . ९३ | | ३ | धरौटी फिर्ता | १३५०२५७०३ |
| ग | धरौटी खाता मौज्दात- १०८१०६५८ . १ | | ४ | मौज्दात | २४५७५८६००.३७ |
| घ | पूजीगत खाता- १०२३४६ . १३ | | क | नगद मौज्दात- ० | |
| ङ | चालु खाता- ७६५३२ . ५८ | | ख | नेपाल बैंक लि- आम्दानी खाता - २३०४७९३५६ . ९ | |
| २ | राजश्व आन्तरिक | ३०१८०८८३४.९८ | ग | राष्ट्रिय वाणिज्य बैंक- आम्दानी खाता - ३६०४६ . ०१ | |
| क | ब्याज प्राप्त- २७४१६३९ . ०२ | | घ | पूजीगत खर्च खाता- १७७७८ | |
| ख | सरकारी सम्पत्तिको बिक्रीबाट प्राप्त — २९८०९५३७७ . ७१ | | ङ | चालु खर्च खाता- ६३९५ . १५ | |
| ग | अन्य बिक्रिबाट प्राप्त रकम- ९५०९३६ . ७५ | | च | धरौटी खाता — १५२१९०२४ . ३१ | |
| घ | अन्य सेवा शुल्क- २०८८१ . ५ | | | | |
| ङ | प्रशासनिक दण्ड जरिवाना र जफत- रु .० | | | | |
| ३ | धरौटी आय | १३९४३४०६९.२१ | | | |
| | जम्मा | ५१६४९२००८.९३ | | जम्मा | ५१६४९२००८.९३ |

**आम्दानी तथा खर्चको स्थितिः** आयोजनाको गत वर्षको मौज्दात रु.७५२४९१०४.७४ रहेकोमा आ.व. २०७८।७९ मा सम्पत्ति बिक्री तथा अन्य आम्दानी गरी रु.३०१८०८८३४.९८ र धरौटीमा रु.१३९४३४०६९ आम्दानी भएको मध्ये यस वर्ष आयोजना अन्तर्गत चालु खर्चमा रु.१२२६७१३७.४३ र पूजीगत खर्चमा रु.१२३४४०५६८.१३ र धरौटी फिर्तावापत रु.१३५०२५७०३ खर्च भई वर्षको अन्त्यमा रु.२४५७५८६००.३७ मौज्दात रहेको देखिन्छ ।

| | | | | |
|---|---|---|---|---|
| ८९. | | | पेश्की बाकीः कमेरोटार आयोजनातर्फ म्याद नाघेको तथा म्याद ननाघेको पेश्की विवरण निम्नानुसार छन । | ६८७,२० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२</td><td></td><td></td><td>
<table>
<tr><th>सि. नं .</th><th>पेश्की लिनेको नाम</th><th>गत वर्षको पेश्की बाकी</th><th>चालु वर्षको पेश्की बाकी</th><th>कुल पेश्की बाकी रु.</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>श्रेष्ठ- नागार्जुन - मुडभरी एडं जोशी जे . भी .</td><td>७१४८२०००</td><td>०</td><td>७१४८२०००</td><td>म्याद ननाघेको</td></tr>
<tr><td></td><td></td><td></td><td>कुल म्याद ननाघेको पेश्की</td><td>७१४८२०००</td><td></td></tr>
<tr><td>१</td><td>नेपाल विद्युत प्राधिकरण</td><td>६२३३३६३</td><td>०</td><td>६२३३३६३</td><td>गत वर्ष म्याद नाघेको पेश्कीमा समावेश भइसकेको</td></tr>
<tr><td>२</td><td>राम चन्द्र श्रेष्ठ</td><td>३७६९२५</td><td>०</td><td>३७६९२५</td><td>म्याद नाघेको</td></tr>
<tr><td>३</td><td>राजमान बाडे</td><td>३१०२८३</td><td>०</td><td>३१०२८३</td><td>म्याद नाघेको</td></tr>
<tr><td></td><td></td><td></td><td>म्याद नाघेको पेश्की</td><td>६८७२०८</td><td></td></tr>
<tr><td></td><td></td><td></td><td>कुल जम्मा पेश्की</td><td>७८४०२५७१</td><td></td></tr>
</table>
</td><td>८</td></tr>
<tr><td>९०</td><td></td><td></td><td>
अनुगमन तथा सम्परीक्षण<br>
अनुगमन तथा सम्परीक्षण — स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्यौंट गर्ने व्यवस्था रहेको छ । सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्यौंट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । पालिकाबाट गत विगत वर्षको बेरुजू फछ्यौंटको तथा अध्यावधिक बेरुजूको स्थिति निम्नानुसार देखिएको छ । (रु.हजारमा)
<table>
<tr><th>गत वर्षसम्मको बाँकी बेरुजू (A)</th><th>यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B)</th><th>यो वर्ष कायम बेरुजू (C)</th><th>संपरीक्षणबाट कायम बेरुजू (D)</th><th>अध्याविधक बाँकी बेरुजू(E=A-B+C+D)</th></tr>
<tr><td>१२२३४०</td><td>११७६</td><td>३०८७३</td><td>०</td><td>१५२०३७</td></tr>
</table>
यस वर्ष सम्परीक्षण गरिएको व्यहोराहरु निम्नानुसार छन ।
<table>
<tr><th>आर्थिक वर्ष</th><th>बेरुजु दफा नं</th><th>फर्छ्यौट बेरुजु व्यहोरा</th><th>असुल रु.</th><th>प्रमाण रु.</th><th>नियमित रु.</th><th>पेश्की रु.</th><th>कुल सम्परीक्षण रकम रु.</th></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ०७६।७७ | २८ | ओम शान्ती सामुदायिक भवन निर्माण ,वडा नं ४,लाई बढी भुक्तानी भएको रु.६४३९९९ मिति ०७९।१।१२ मा नगरपालिकाको खातामा बेरुजु रकम रु.६४३९९९ दाखिला भएको प्रमाण पेश भएकोले सम्परीक्षण गरिएको छ । | ६४३९९९ | ० | ० | ० | ६४३९९९ |
| ७७।७८ | २८.१ | सिद्धिकाली परिसर सुधार उ.स. लाई भ्याट बापत बढी भुक्तानी भएको रु.४८८१४१ सम्बन्धमा आ.व. ०७९।८० को गो.भौ.नं।मिति ५५६।०७९।३।२४ मा बेरुजु रकम रु.४८८१५१ कट्टी गरेको तथा मिति ०७९।३।२५ मा सो रकम नगरपालिकाको खातामा दाखिला गरेको प्रमाण पेश गरेकोले बेरुजु रकम रु.४८८१४१ सम्परीक्षण गरिएको छ । | ४८८१४१ | ० | ० | ० | ४८८१४१ |
| ७७।७८ | २८.२ | पालिकाले सिद्धिकाली परिसर सुधार उ सको बेरुजु रकम रु.३४३५५ सम्बन्धमा आ.व. ०७९।८० मा गो.भौ.नं।मिति ४२३। ०७९।२।२९ मार्फत सम्बन्धित उ.स.को बेरुजु रकम रु.३४३५५ कट्टी गरि मिति २०७९।२।३० मा नगरपालिका खातामा रु.३४३५५ दाखिला गरेको प्रमाण पेश भएकोले बेरुजु रकम रु.३४३५५ सम्परीक्षण गरिएको छ । | ३४३५५ | ० | ० | ० | ३४३५५ |
| ७७।७८ | २१ | पालिकाले कुण्डोल मार्ग सडक कालोपत्रे वडा नं ६ योजनामा व्राईट। आर.आर जे.भीको एजबिल्ट नक्साबापतकोबेरुजु सम्बन्धमा मिति २०७९।०९।४ मा नेपाल बैंक को भौ.न २०७७६९ मार्फत दाखिला भएको प्रमाण पेश भएकोले बेरुजु रकम रु.१०हजार सम्परीक्षण गरिएको छ । | १०००० | ० | ० | ० | १०००० |
| | | जम्मा | ११७६४९५ | ० | ० | ० | ११७६४९५ |